# मध्यम कालीन खर्च संरचना

## (आ.व. २०८०/८१ — २०८२/८३)

# Medium-Term Expenditure Framework

## (Fiscal Year 2023/24 – 2025/26)



## रास्कोट नगरपालिका

नगर नगरकार्यपालिकाको कार्यालय

रास्कोट, कालीकोट, कर्णाली प्रदेश, नेपाल

२०८०

**मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१ — २०८२/८३)**

| | |
|---|---|
| प्रकाशक | : रास्कोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रास्कोट, कालीकोट |
| सर्वाधिकार | : प्रकाशकमा |
| प्रकाशन मिति | : २०८० |
| प्राविधिक सहयोग | : स्थानीय पुर्वाधार सहयोग कार्यक्रम(LISP) |
| सम्पर्कका लागि | : नगर कार्यपालिकाको कार्यालय<br>रास्कोट, कालीकोट, कर्णाली प्रदेश, नेपाल<br>फोन नं. : ९८५८३२००१५<br>ईमेल : info@raskotmun.gov.np; ito.raskotmun@gmail.com; |

# रास्कोट नगरपालिका

## नगर नगरकार्यपालिकाको कार्यालय

### रास्कोट कालीकोट ।

**मन्तब्य**



अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै रास्कोट नगरपालिकाले आफ्नै पहलमा यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने अवशर जुटेकोमा हामीलाई खुशी लागेको छ।

जनचाहना र विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई नगरपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ। यस नगरपालिका ले हालसम्म आवधिक योजना तर्जुमा भई कार्यान्वयनको चरणमा रहेको उक्त योजना, नगरपालिका का नीतिहरू, विषयगत गुरुयोजनाहरू, प्रदेश तथा सङ्घ सरकारका सम्बन्धित नीति तथा योजनाहरूलाई मध्यनजर गरी निर्वाचित पदाधिकारीको दोश्रो कार्यकाल आरम्भको रुपमा यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। यसका लागि सम्बन्धित विज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु, र यस दस्तावेजले नगरपालिका बाट परिचालन हुने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा नगरपालिका का समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागि पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

.... ..... ..... ..... ..... ..... .....

धर्मराज शाही
नगर प्रमुख

# रास्कोट नगरपालिका

## नगर नगरकार्यपालिकाको कार्यालय

### रास्कोट कालीकोट ।

**मन्तब्य**



सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तिय सुशासन कायम गरी सार्वजनिक स्रोतको प्रभावकारी ब्यवस्थापन गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ । सार्वजनिक वित्त ब्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउदै आवधिक योजनाका लक्ष्य, उद्देश्य र नीतिगत प्राथमिकतालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। सोही अनुरुप रास्कोट नगरपालिका ले यो त्रिबर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ।

मध्यमकालीन खर्च संरचनाले नगरपालिका को दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व र नगरपालिका को लागि आवश्यकताको विषयका रुपमा रहेको छ। मध्यमकालीन खर्च संरचनाले यस नगरपालिका को आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ नगरपालिका को वित्त व्यवस्थापनलाई मार्गदर्शन गर्नेमा म विश्वस्त छु।

मध्यकालीन खर्च संरचनाले दिगो विकासका लक्ष्यहरू, लैगिक समानता तथा विपद् तथा जलवायुजन्य जोखिम तथा यसबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचना दस्तावेजले नगरपालिका ले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा नगरपालिका का समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने आधार तयार भएको छ।

अन्त्यमा, यो नगरपालिका को मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागिपर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

.... ..... ..... ..... ..... ..... .....

मनिराज बराल<br>
नगर उप-प्रमुख

# रास्कोट नगरपालिका

## नगर नगरकार्यपालिकाको कार्यालय

### रास्कोट कालीकोट ।



**दुई शव्द** नगरपालिका को मार्गदर्शन दस्तावेजको रुपमा पहिलो पटक रास्कोट  नगरपालिका को मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पु¥याउनुका अतिरिक्त नगरपालिका ले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु।

विगत दशकहरूमा विपद्का विभिन्न घटना एवम् जलवायुजन्य विषमता तथा तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ। यी घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषय भएको हुनाले यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट नगरपालिका बाट  गरिने सार्वजनिक खर्चलाई लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु।

अन्तमा, रास्कोट  नगरपालिका को यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि प्राविधिक सहयोग प्रदान गर्ने स्थानीय पुर्वाधार सहयोग कार्यक्रम(LISP)संस्था सपोर्ट एवम् संलग्न विज्ञहरुलाई यो सत्कार्यका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

.... ..... ..... ...... .....

जवान सिंह वम
प्रमुख प्रशासकीय अधिकृत

## विषयसूची


परिच्छेद १ : परिचय ........ 1
१.१ पृष्ठभूमि ........ 1
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ........ 1
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ........ 1
१मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ४. ........ 2
१मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ५. ........ 2
परिच्छेद २ : मध्यमकालीन खर्च संरचना ........ 6
२पृष्ठभूमि १. ........ 6
२चूनौति तथा अवसर २. ........ 6
२सोच ३., उद्देश्य तथा रणनीति ........ 7
२मध्यमकालीन आर्थिक खाका ४. ........ 8
२.५ मध्यमकालीन नतिजा खाका ........ 8
२मध्यमकालीन बजेट खाका ६. ........ 9
२बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ७. ........ 12
२विषय उपक्षेत्रगत बाँडफाँट ८. ........ 14
परिच्छेद ३ : आर्थिक विकास क्षेत्र ........ 16
३कृषि तथा खाद्य सुरक्षा १ ........ 16
३पृष्ठभूमि १.१. ........ 16
३समस्या १.२. तथा चूनौति ........ 16
३सोच १.३. ........ 16
३उद्देश्य १.४. ........ 16
३रणनीति १.५. ........ 16
३तथा मध्यमकालीन लक्ष्य नतिजा सूचक १.६. ........ 16
३विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १.७. ........ 17
३कार्यक्रम १.८./आयोजनाको संक्षिप्त विवरण ........ 17
३जोखिम पक्ष तथा अनुमान १.९. ........ 18
३सिंचाई २. ........ 18
३.३ पशु विकास ........ 19
३.४ उद्योग तथा व्यापार ........ 21
३.५ पर्यटन विकास ........ 23
३.६ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी ........ 25
३श्रम ७., रोजगारी तथा गरिवी निवारण ........ 26
परिच्छेद ४ : सामाजिक विकास क्षेत्र ........ 29
४शिक्षा १., विज्ञान तथा प्रविधि ........ 29
४.२ स्वास्थ्य तथा पोषण ........ 31
४.३ खानेपानी तथा सरसरफाई ........ 34
४ ४.महिला, बालबालिका तथा लक्षित वर्ग ........ 36
४.५ युवा तथा खेलकुद ........ 38
४सामाजिक सुरक्षा र पञ्जीकरण ६. ........ **Error! Bookmark not defined.**
परिच्छेद ५ : पूर्वाधार विकास क्षेत्र ........ 41
५.१ आवास, भवन तथा शहरी विकास ........ 41
५सडक २., पुल तथा यातायात ........ 43

५.३ जलस्रोत, विद्युत तथा उर्जा........................................................................................................44
५सूचना तथा सञ्चार ४. ....................................................................................................................46
परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्र ..........................................................................48
६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण.......................................................................................48
६वातावरण तथा फोहोरमैला व्यवस्थापन २. ...........................................................................................49
६विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ३.....................................................................51
परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र ................................................................................55
७.१ नीति, कानून, न्याय तथा सुशासन......................................................................................................55
७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ..................................................................................................56
७राजस्व तथा स्रोत परिचालन ३. ...........................................................................................................58
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ...........................................................................................59
अनुसूची १: मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल .............................................................61
अनुसूची २ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन.........................................63
अनुसूची ३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण............69
अनुसूची ४ : मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यशालाको उपस्थिति विवरण तथा कार्यक्रमका तस्वीरहरु................................78

**तालिका सूची**

तालिका २.**1** मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य **(**प्रचलित मूल्यमा**)** ........................................................ ८
तालिका २.2 प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य............................................................................ ८
तालिका **२.**3 : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (हजारमा .रकम रु) ........................................................ १०
तालिका **२.**4 : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (हजारमा .रु)...................................१२
तालिका **२.**5 : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु)..............................१२
तालिका २.6 : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु)..........................१३
तालिका **२.**7 : लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु) .................... १४
तालिका **२.**8 : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु)...................... १४
तालिका **२.**9 : आगामी तीन आ(हजारमा .रकम रु) को विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण.व. ............................... १४

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

स्थानीय सरकारको नीति कार्यक्रम, दीर्घकालीन एवम् अल्पकालीन योजनाहरु, रणनीतिक योजनाहरु समेतले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन्। मध्यमकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन मद्दत गर्दछ। यसले विभिन्न स्रोतहरुको व्यवस्थापन र आशातित नतिजाको खाका समेत प्रस्तुत गर्दछ।
प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।
नेपाल सरकारले तर्जुमा गरेका विभिन्न कानूनहरु, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा सो सम्बन्धी नियमावलीले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस सन्दर्भमा नगरनगरकार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा समितिमा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको सहभागितामा रास्कोट  नगरपालिका को प्रथम आवधिक योजना, बार्षिक नीति कार्यक्रम तथा नगरपालिका मा उपलब्ध अन्य सूचनालाई आधार मानि आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक यो मध्यमकालीन खर्च संरचना २०८०/८१२०८–२/८३तयार गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनाले सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा सरकारसँग उपलब्ध सीमित स्रोत–साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएका हुन्छन्।

दिर्घकालीन योजना, विषय क्षेत्रगत रणनीतिक योजना तथा गुरुयोजनाको लक्ष्य उद्देश्यको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन वित्त खाका )Medium Term Fiscal Framework (MTFFनिर्धारण ( गरिन्छ। साथै स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका )Medium Term Budgetary Framework (MTBFतयार गरिन्छ। त्यसैगरी बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी ( ) मध्यमकालीन नतिजा खाकाMedium Term Result Framework (MTRFतयार गरिन्छ। (
मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एकवर्षको बजेट प्रक्षेपण गरिएको हुन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ। यसप्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

रास्कोट  नगरपालिका को पहिलो प्रयासको रुपमा प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाबाट नगरपालिका को समग्र विकासको लागि प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितता द्वारा दिगो विकास हासिल हुने अपेक्षा गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाले नगरपालिका को दीर्घकालीन सोच, आवधिक योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ। यसबाट नगरपालिका लाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ।

यस मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहायको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

कआयोजना तथा कार्यक्रमको प्राथमिकीक (रण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्ने,

ख( नगरपालिका मा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउने,

ग ( मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री वनाई नेपालले निर्धारण गरेका लक्ष्य सन २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने, र

घ( नगरपालिका बाट गरिने सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

स्थानीय तहले मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा नेपालको संविधानले व्यवस्था गरेका प्रावधानहरु एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु पर्दछ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित विषयवस्तुलाई प्रमुख आधारको रुपमा लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र २–२०१५)०३०(
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना २०७६)/७७२०८१–/८२(
- कर्णाली प्रदेशको पहिलो आवधिक योजना २०७६)/७७२०८०–/८१(
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम २०७.व.आ)९/८०(
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- रास्कोट  नगरपालिका को प्रथम आवधिक योजना
- नगरपालिका का अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- स्थिति पत्र (प्रोफाईल)

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

रास्कोट  नगरपालिका ले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको " (१)स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित"(, (२" (स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९" (३) र "स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९लाई आधारमानी यो मध्यमकालीन खर्च संरचना तयार गरेको छ । यस मध्यमकालीन खर्च संरचना तर्जुमा गर्दा " देहाय बमोजिमको चरण तथा प्रक्रियाको अबलम्बन गरिएको छ :

### प्रक्रिया १ : प्राविधिक सहयोगका लागि टोली परिचालन

रास्कोट  नगरपालिका मा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्य नितान्त नौलो र प्राविधिक विषय भएको हुँदा नगरपालिका ले परामर्शदाताको रुपमा LISP कर्मचारी र पालिका कर्मचारीहरुलाई परिचालन गरेको छ । तसर्थ प्रस्तुत मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा परिचालन भएका कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहेको छ । मध्यमकालीन खर्च संरचना तयारी कार्यमा LISP कर्मचारी परामर्शदाताबाट नगरपालिका को कार्यालयमै बसेर नगरकार्यपालिका पदाधिकारीहरु तथा कर्मचारीलाई अभिमुखीकरण गर्ने, कार्यदल निर्माण गर्ने, गत विगत वर्षको आधारमा आगामी तीन आर्थिक वर्षको स्रोत र खर्चको अनुमान तथा प्रक्षेपण गर्ने, बजेट सीमा निर्धारण तथा विषयगत शाखा तथा समितिसँग राय परामर्श गरी विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा

तयार गर्ने र बजेट तथा कार्यक्रम तर्जुमा समितिको नेतृत्वमा मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयार गर्ने कार्यमा सहयोग तथा सहजीकरण गरिएको छ।

**प्रक्रिया २ : नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवम् अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

नगरपालिका को मार्गनिर्देशनमा कर्मचारीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवम् अध्ययन गरियो। दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो। मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहाय बमोजिम रहेका छन्।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका प्रतिवेदन तथा सिफारिशहरु
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवम् नगरपालिका को राजस्व सम्बन्धी कानून र आर्थिक ऐनहरु
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना
- कर्णाली प्रदेशको प्रथम आवधिक योजना
- रास्कोट नगरपालिका को प्रथम आवधिक योजना
- रास्कोट नगरपालिका को नीति कार्यक्रम, कानून तथा प्रतिवेदन आदि।

**प्रक्रिया ३ : मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा नगरपालिका का प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, योजना शाखा, सूचना प्रविधि शाखा प्रमुख लगाएतको सहभागितामा छलफल तथा सहमति गरियो। छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो। साथै, छलफलमा आएका सुझाव तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा गरी सोही बमोजिम यो दस्तावेज तयार गरिएको छ।

**प्रक्रिया ४ : अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत जिम्मेवारी सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुभाइ तयार गर्ने उद्देश्यले नगरपालिका मा एक दिवसीय अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरिएको थियो। सो कार्यशालामा नगरपालिका का निर्वाचित जनप्रतिनिधि, कर्मचारी एवम् सरोकारवालाको सहभागिता रहेको थियो। कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो। सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेवारी तथा भूमिका समेत स्पष्ट गरियो। यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरी आवश्यक कार्य सम्पादन समेत गरिएको छ। कार्यदलको विवरण अनुसूची १ मा प्रस्तुत छ।

**प्रक्रिया ५ : विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना**

दीर्घकालीन सोच, विषयगत रणनीतिक योजना, प्रथम आवधिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति तथा ईकाइसँग परामर्श तथा छलफल गरिएको छ। यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालवसाली आयोजना

तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरिएको छ । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयारी एवम् हरेक आयोजना तथा उपक्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरिएको थियो ।

**प्रक्रिया ६ : श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण**

राजश्व बाँडफाँड, अन्तरहस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको सरकारी वित्तीय–श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई राजश्व परामर्श समितिको प्रतिवेदनका आधारमा अनुमान तथा प्रक्षेपण तयार गरिएको छ । विगत आर्थिक वर्षहरुको खर्च सहित नगरपालिका का रुपान्तरणकारी आयोजना, चालु तथा बहुवर्षीय आयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरी सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराएको थियो ।

**प्रक्रिया ७ : विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तर्जुमा**

विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरिएको थियो । यी छलफल तथा वैठकहरुमा विषयगत शाखा तथा एकाइका कर्मचारीहरुको सहभागिता रहेको र छलफलबाट प्रत्येक उपक्षेत्रमा आगामी तीन वर्षमा सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने एवम् आयोजना/कार्यक्रम तथा उपक्षेत्रको दिगो विकास लक्ष्य, लैंङ्गिक तथा जलवायु संकेतका आधारमा साँकेतीकरण गर्ने कार्य गरिएको थियो ।

**प्रक्रिया ८ : विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा तथा एकाइलाई कर्मचारीको  सहयोग तथा सहजीकरण गरिएको थियो । यसरी तयार भएको विषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषय क्षेत्रगत रुपमा योजना तर्जुमा कार्यशालाको आयोजना गरी कार्यशालाको निष्कर्षको रुपमा एकीकृत गरी विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरिएको थियो । यस कार्यशालामा विषयगत शाखा प्रमुख तथा विषयगत समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

**प्रक्रिया ९ : मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

निर्धारित ढाँचामा तयार भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकमा छलफल गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरिएको थियो । यस कार्यमा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदलले आवश्यक समन्वय गरेको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ एवम् राष्ट्रिय (परिमार्जित) योजना आयोगबाट जारी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को व्यवस्था बमोजिम समष्टिगत (परिमार्जित) मध्यमकालीन वित्त खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषय क्षेत्रगत रुपमा योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ ।

**प्रक्रिया १० : मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला**

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी सुझाव संकलनका उद्देश्यले एकदिने कार्यशाला आयोजना गरिएको थियो । कार्यशालामा  प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरी सुझाव प्राप्त गर्नुका साथै नपुग देखिएका सूचना तथा तथ्यांक समेत संकलन गरिएको थियो ।

**प्रक्रिया ११ : मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी**

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा नगरपालिका का विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरिएको छ । यसरी तयार भएको मस्यौदालाई यस विषयका विज्ञद्वारा पुनरावलोकन गराई मस्यौदालाई अन्तिम रुप प्रदान गरिएको छ ।

### प्रक्रिया १२ : मध्यमकालीन खर्च संरचनाको स्वीकृति

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना दस्तावेज नगरनगरकार्यपालिकाको बैठकमा छलफल गरी स्विकृत गरिएको छ । साथै उक्त मध्यमकालीन खर्च संरचना दस्तावेज आगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय समेत नगरकार्यपालिकाबाट गरिएको छ ।

## परिच्छेद २ : मध्यमकालीन खर्च संरचना

### २.१ पृष्ठभूमि

सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ। नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने–सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। उपरोक्त कानूनी व्यवस्था अनुसार यस नगरपालिका ले तय गरेको दीर्घकालिन तथा आवधिक विकास योजनाले राखेको लक्ष्य तथा उद्देश्य हासिल हुने गरी प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

यस रास्कोट  नगरपालिका ले २०७६ सालमा प्रथम आवधिक योजना तर्जुमाको चरण मा रहेको छ। तसर्थ सोहि आवधिक योजना को आधारमा आर्थिक वर्ष २०८०/८१२०८ – २/८३ का लागि तुर्जमा गरिएको प्रस्तुत मध्यमकालीन खर्च संरचनामा रास्कोट नगरपालिका को प्रथम आवधिक विकास योजनाले लिएको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता एवम् विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रमहरु नेपाल सरकारको पन्ध्रौं योजना तथा कर्णाली प्रदेशको प्रथम आवधिक योजना तथा दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। नगरपालिका का तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र नेपालको संविधानमा उल्लिखित स्थानीय तहको अधिकार सूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ।

### २.२ चूनौति तथा अवसर

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्ध्रौ योजना, कर्णाली प्रदेशको प्रथम आवधिक योजना र नगरपालिका को प्रथम आवधिक योजना एवम् नीति तथा कार्यक्रमले लिएका उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्ने कार्य आफैमा चूनौतिपूर्ण छ। यसका साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ महाव्याधी लगायतका महामारीका अतिरिक्त वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपदको बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशील विकास हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउनु नगरपालिका को निमित्त थप चूनौतिको विषय हो।

यसका साथै व्यवस्थित पुर्वाधार, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीका अवसरमा अभिवृद्धि र जनसाङ्ख्यिक लाभको उपयोग पनि नगर विकासको चूनौतिको रुपमा रहेका छन्। वित्तीय सङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र उपलब्ध सार्वजनिक स्रोतको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण कार्य हो।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु यस नगरपालिका का लागि अहिलेका प्रमुख अवसरहरु हुन्। नगरपालिका मा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी

निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

वैदेशिक रोजगारी तथा अध्ययनबाट फर्किएका युवामार्फत विश्वस्तरको ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी नगरपालिका मा उद्यमशीलता विकास, रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ। यसका साथै कोभिड १९ लगायतका महामारी र अन्य विपद्ले गर्दा अझ राम्रो अझ बलियो सुरक्षित निर्माण, उत्थानशील विकास र वातावरणीय सन्तुलनका दिशामा यस मध्यमकालीन खर्च संरचनाले केन्द्रित हुन थप प्रेरणा दिने अपेक्षा गरिएको छ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

नगरपालिका को मार्गदर्शक दस्तावेजको रुपमा रास्कोट  नगरपालिका को प्रथम आवधिक योजना २०७६/७७ २०८० –/८१ तर्जुमा भै कार्यान्वयनमा रहेको हुँदा यस दस्तावेजलाई प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा आधारको रुपमा लिइएको छ । साथै नगरपालिका ले विगतदेखि तय गरेको र नीति कार्यक्रममा समावेश गरेको नगर विकासको दीर्घकालीन सोच, लक्ष्य उद्देश्य तथा रणनीतिलाई पनि आधार मानिएको छ। त्यसबाहेक पन्ध्रौ राष्ट्रिय योजना, कर्णाली प्रदेश सरकारको प्रथम आवधिक योजना समेतका आधारमा यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ।

### २ ३.१. दीर्घकालीन सोच

नगरपालिका को दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

**"सुन्दर, सुरक्षित, समृद्ध रास्कोट "**

*दीर्घकालीन सोचको व्याख्या*

- सुन्दर : प्राकृतिक श्रोतको दिगो उपयोग, वातावरण मैत्री विकास, प्रदुषण मुक्त, हराभरा, साँस्कृतिक मूल्य र मान्यता,
- सुरक्षित : विपद प्रतिरोधी आवास र पुर्वाधार विकास भएको, विपद जोखिम न्यूनीकरण भएको, आधारभूत स्वास्थ्य, शिक्षा र खाद्य सुरक्षा सुनिश्चित भएको, शान्ति सुरक्षा प्रभावकारी भएको, सबै प्रकारका विभेद र द्वन्द्वको अन्त्य भएको।
- समृद्ध : (१) आय वृद्धि भई समतामूलक वितरण भएको । (२) मानव विकास सूचकांङ्कमा उल्लेख्य वृद्धि भएको । (३) रोजगारका अवसरहरू विस्तार भएको र (४) दिगो विकास तथा आवधिक योजनाका लक्ष्य प्राप्त भएको।

### २३.२. लक्ष्य

नगरपालिका को आवधिक योजना बमोजिम नगरपालिका को समग्र लक्ष्य देहायअनुसार रहेको छ :

"प्राकृतिक श्रोतको दिगो उपयोग, कृषिको व्यावसायीकरण, वातावरण मैत्री पूर्वाधार विकास, परम्परागत लोक सँस्कृतिको संरक्षण र पर्यापर्यटनको सम्बद्र्धन गर्दै समष्टिगत सामाजिक तथा आर्थिक विकासद्वारा नागरिकको जीवन स्तरमा गुणात्मक सुधार भएको हुनेछ ।"

### २३.३. उद्देश्य

१व्यावसायिक कृषि तथा पशुपालन ., पर्यटन र उद्योग व्यवसायका माध्यमबाट रोजगारी र आयमा वृद्धि गर्नु,
२आधारभूत स्वास्थ र सरसफाइ तथा गुणस्तरीय शिक्षा .का माध्यमबाट समावेशी विकास गर्नु,
३भौतिक पूर्वाधारको विकास गर्नु वातावरण मैत्री दिगो .,
४प्राकृतिक श्रोत र साधनहरूको दिगो उपयोग गर्नु .,
५संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह हुनु। .

### २३.४. रणनीति

नगरपालिका को आवधिक विकास योजनाको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्न देहायअनुसारका प्रमुख रणनीति (स्तम्भ) हरू अवलम्बन गरिएका छन् :

१प्राकृतिक श्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरूको अत्याधिक उपयोग गर्ने ., : आर्थिक उत्पादन
२आकर्षक पर्यटनको प्रवद्र्धनका साथै उद्यम ., व्यापार तथा व्यवसायको विकास गर्ने, : पर्यटन उद्योग ब्यापार
३सुधार गर्ने सामाजिक विकासका सूचकहरूमा ., सामाजिक विकास

४सामाजिक सूरक्षा तथा समावेशीतालाई सुनिश्चित गर्ने . : सामाजिक सुरक्षा समावेशीकरण
५यातायात ., जलश्रोत, सञ्चार तथा वस्ती विकास लगायतका पूर्वाधारको विकास गर्ने : दिगो पुर्वाधार
६. वन, वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद् जोखिम न्यूनीकरणबाट विकास र वातावरण वीच सन्तुलन कायम गर्ने, : वन वातावरण तथा विपद
७ विकास कार्यको प्रभावकारिता र सेवा प्रवाह सुदृढ गरी सुशासन अभिवृद्धि गर्ने . ; संस्थागत सुशासन सेवा प्रवाह

## २.४ मध्यमकालीन आर्थिक खाका

"समृद्ध नेपाल र सुखी नेपालीराष्ट्रिय सोच तथा संकल्प को ", कर्णाली प्रदेशको उच्च मानव विकास र पहिचान", समृद्ध कर्णाली प्रदेश" को सोच र रास्कोट नगरपालिका को विकासको सुन्दर सुरक्षित समृद्ध"रास्कोट सोच तथा लक्ष्य अनुरुप आगामी तीन " वर्षको समष्टिगत ३नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा मा प्रस्तु २.१ .आर्थिक लक्ष्य तालिका नंत गरिएको छ।

तालिका २.1 मध्यमकालीन समष्टिगत आर्थिक लक्ष्य **(प्रचलित मूल्यमा)**

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कुल बार्षिक उत्पादन | रु लाखमा | १२३०० | १३००० | १३७०० | १४५०० | १५५०० |
| १.१ | *कृषि क्षेत्र* | रु लाखमा | ८३०० | ८५०० | ८७०० | ९००० | ९५०० |
| १.२ | *गैर कृषि (उद्योग र सेवा) क्षेत्र* | रु लाखमा | ४००० | ४५०० | ५००० | ५५०० | ६००० |
| २ | औषत पारिवारिक आय | रु लाखमा | ४ | ४.५ | ५ | ६ | ७ |
| ३ | उद्योग, ब्यापार र व्यवसाय | संख्या | २५० | ३०० | ४०० | ४५० | ५०० |
| ४ | औपचारिक क्षेत्रमा रोजगारी श्रृजना | संख्या | ११०० | १२५० | १४०० | १६०० | १८०० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७० | ७२ | ७५ | ८० | ८५ |

*स्रोत : रास्कोट नगरपालिका कृषि शाखा*

## २.५ मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौ योजना, कर्णाली प्रदेशको प्रथम आवधिक योजना तथा रास्कोट नगरपालिका को प्रथम आवधिक योजनाको दीर्घकालीन सोच तथा लक्ष्य उद्देश्य हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र आर्थिक वर्ष २०७९/८० को अनुमानित उपलब्धिको आधारमा आ .व. २०८०/८१ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य आवधिक योजना, बार्षिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका *२.2* प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| **१** | प्रतिव्यक्ति खाद्यान्न उत्पदन (केजी) | के.जी. | १२० | १३५ | १५० | १७५ | २०० |
| २ | आफनो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | १० | ९ | ८ | ७ | ६ |
| ३ | आफ्नो उत्पादन र आयले वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ६० | ६४ | ६८ | ७३ | ७८ |
| ४ | कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिचाइ सुविधा उपलब्ध जमीन | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |
| ५ | साक्षरता दर | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |
| ६ | आधारभूत तह (१–८) खुद भर्ना दर | प्रतिशत | ९४ | ९६ | ९७ | ९९ | १०० |
| ७ | माध्यमिक तह (९–१२) खुद भर्ना दर | प्रतिशत | ८५ | ८८ | ९० | ९३ | ९५ |

| क्रस | सूचक लक्ष्य | एकाई | २०७८/७९ सम्मको लक्ष्य | २०७९/८० सम्मको अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ८ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ९ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा | जना | ० | ० | ० | ० | ० |
| १० | कुपोषण दर | संख्या | ० | ० | ० | ० | ० |
| ११ | आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९५ |
| १२ | जीवनमा शारिरीक तथा यौन हिंसा भोगका महिला | प्रतिशत | ० | ० | ० | ० | ० |
| १३ | विषयगत समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | १४ | १४ | ३० | ३४ | ४० |
| १४ | भवनसहिंता अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ६० | ७५ | ८० | ८२ | ८५ |
| १५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ६५ | ६५ | ७० | ७५ | ८० |
| १६ | स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ६० | ६० | ७० | ७५ | ८० |
| १७ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहूँच भएका जनसंख्या | प्रतिशत | २ | ५ | १० | २० | ३५ |
| १८ | हरियाली क्षेत्र | प्रतिशत | ३१ | ३१ | ३१ | ३२ | ३२ |
| १९ | नगरपालिका को नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ५० | ५६ | ६० | ६५ | ७० |
| २० | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | ०.०१ | ०.०१ | ०.०१ | ०.०१ | ०.०१ |
| २१ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडाहरु | संख्या | ६ | १० | १४ | १४ | १४ |
| २२ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ५० | ५५ | ६० | ७५ | ९० |
| २३ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा तथा एकाइ | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |

*स्रोतः रास्कोट नगरपालिका*

## २.६ मध्यमकालीन बजेट खाका

नगरपालिका को त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा नगरपालिका को आवधिक योजना, दीर्घकालीन सोँच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित प्रथम आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ। नगरपालिका को प्रथम प्रयासमा तयार भएको यस मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत रुपमा प्राप्त हुने नतिजाका आधारमा खर्च तथा स्रोतको अनुमान गरिएको छ। यसका साथै कोभिड १९ लगायतका महामारी र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ। महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ।

नगरपालिका का दीर्घकालीन आयोजना, विशेष आयोजना, चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित हुनेगरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन अनुसूची २ मा प्रस्तुत छ।

आर्थिक वर्ष २०७९/८० को राजस्व तथा विनियोजन र असार मसान्त सम्मको उपलव्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा ब्यय अनुमान गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिका को आवधिक योजनाले लिएको लक्ष्य, नीति तथा घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका

क्रममा नगरपालिका को प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई पर्याप्त स्रोतको व्यवस्था गरिएको छ। आन्तरिक श्रोत, राजस्व बाँडफाँट तथा उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँट स्वरूप प्राप्त हुने रकम, रोयल्टी र आन्तरिक श्रोत समेतका आधारमा नगरपालिका लाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम गत विगतको आयका आधारमा अनुमान गरिएको छ।

आन्तरिक आयको तथ्याङ्क विश्लेषणका लागि नगरपालिका को राजस्व सुधार योजना २०७६७७ लाई आधारको रुपमा लिइएको छ। त्यस्तै नगरपालिका को राजस्व परामर्श समितिको प्रतिवेदन तथा SuTRA मा प्रविष्ट सूचनालाई आधार मानी आन्तरिक आयको विवरणलाइ श्रोत मानी विश्लेषण गरिएको छ।

उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा नगरपालिका को कुल बजेट रु. १ अर्व ५३ करोड ६५ लाख ९२ हजार हुने अनुमान तथा प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका *२.3* : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (हजारमा .रकम रु)

| क्र.सं. | बजेटका स्रोतहरु | २०७७/७८ को यथार्थ | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | प्रक्षेपण | | | ३ बर्षको प्रक्षेपण जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| क. | **राजस्व तथा अनुदान** | ४६२६६६ | ५५९३४०२९३ | ५५४४४७३६० | ५०४०१६ | ५१११६७ | ५६३१४६ | १५७८३२९ |
| १ | **आन्तरिक आय** | १६०० | २६९७०५४३ | ३९९७८९८५ | १५००० | १७२५० | १९८३८ | ५२०८८ |
| २ | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | ४७६३३ | ५५०५५००० | ७३०७७००० | ७१९०६ | ७९०९६ | ८७००६ | २३८००८ |
| | *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | *४७६३३* | *५५०५५०००* | *७३०७७०००* | *७१६०६* | *७८७६६* | *८६६४३* | *२३७०१५* |
| | *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन,* मनोरञ्जन कर आदि) | *०* | *०* | *०* | *३००* | *३३०* | *३६३* | *९९३* |
| ३ | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | ० | ० | ० | ० | ० | ० | ० |
| | *वन रोयल्टी* | *०* | *०* | *०* | *०* | *०* | *०* | *०* |
| | *खानी तथा खनिज रोयल्टी* | *०* | *०* | *०* | *०* | *०* | *०* | *०* |
| | *पर्वतारोहण रोयल्टी* | *०* | *०* | *०* | *०* | *०* | *०* | *०* |
| | *विद्युत रोयल्टी* | *०* | *०* | *०* | *०* | *०* | *०* | *०* |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पानी तथा अन्य प्राकृतिक स्रोत | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ३६३२६६ | ४२३१५१९३१ | ३५०५६०६९४ | ३२३४०० | ३५५७४० | ३९१३१४ | १०७०४५४ |
| | वित्तीय समानीकरण अनुदान | १०२८०० | १०५८००००० | ११२८००००० | ९८२०० | १०८०२० | ११८८२२ | ३२५०४२ |
| | सशर्त अनुदान | २३२३८७ | २८७३१३००० | २१८२६०६९४ | २०३२०० | २२३५२० | २४५८७२ | ६७२५९२ |
| | समपुरक अनुदान | १३५०० | २९२४००० | ७०००००० | ७००० | ७७०० | ८४७० | २३१७० |
| | विशेष अनुदान | १४५७९ | २७११४९३१ | १२५००००० | १५००० | १६५०० | १८१५० | ४९६५० |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | २५६२० | ५४१६२८१९ | ५१८७९००० | ५३७१० | ५९०८१ | ६४९८९ | १७७७८० |
| | वित्तीय समानीकरण अनुदान | १०१०६ | ११३८९००० | ११३८९००० | ११३८७ | १२५२६ | १३७७८ | ३७६९१ |
| | सशर्त अनुदान | ७६८० | ३३१९७९४८ | २५४९०००० | १७९२३ | १९७१५ | २१६८७ | ५९३२५ |
| | समपुरक अनुदान | ७३३९ | ५५७९८७१ | १०००००००० | १९४०० | २१३४० | २३४७४ | ६४२१४ |
| | विशेष अनुदान | ४९५ | ३९९६००० | ५०००००० | ५००० | ५५०० | ६०५० | १६५५० |
| ६ | **अन्य अनुदान जि आई जेड** | ७२१५ | ० | ३८९५१६८१ | ४०००० | ० | ० | ४०००० |
| ७ | **अन्तर स्थानीय तहबाट साझेदारी रकम** | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | **जनसहभागिता** | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | **आन्तरिक ऋण** | ० | ० | ० | ० | ० | ० | ० |
| १० | **मौज्दात रकम** | १७३३२ | ० | ० | ० | ० | ० | ० |
| **ख.** | **जम्मा खर्च** | ४३८७९४ | ८०२४९८ | १३६०६८५ | ० | १४४२७२ | १४४२७२ | २८८५४४ |
| १ | चालु खर्च | २४७८१३ | ४७१७७१ | ६७६४४७ | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | पुँजीगत खर्च | १९०९८१ | ३३०७२७ | ६८४२३८ | ० | १४४२७२ | १४४२७२ | २८८५४४ |
| | बचत (+ वा -) | २३८७२ | ५५८५३७७९५ | ५५३०८६६७५ | ५०४०१६ | ३६६८९५ | ४१८८७४ | १२८९७८५ |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ।

**क . रणनीतिक स्तम्भको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

यस नगरपालिका को आवधिक योजनामा तय गरिएका रणनीतिक स्तम्भको आधारमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं मा प्रस्तुत गरिएको छ। २.४ .

तालिका *२.4 :* रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (हजारमा .रु)

**रकम रु. हजारमा**

| रणनीतिक सङ्केत | रणनीतिक स्तम्भ | | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| 1 | आर्थिक उपार्जन | १९ | ६६४९४ | १८% | ५४०११ | १४% | ५९४५४ | १४% |
| 2 | सामाजिक विकास | २० | २८१८७९ | ७८% | २८८६३४ | ७३% | ३१७६०७ | ७७% |
| 3 | पुर्वाधार निर्माण | ८ | ५७५०० | १६% | १०९३९० | २८% | १२०४१३ | २९% |
| 4 | `वन वातावरण तथा विपत व्यवस्थापन | ६ | २५०० | १% | १४०३७ | ४% | १५४५२ | ४% |
| 5 | संस्थागत बिकास तथा सेवा प्रवाह | ५ | ९१२०४ | २५% | १२६९३७ | ३२% | १३९७२८ | ३४% |
| कुल जम्मा | | ५८ | ४९९५७७ | १३८% | ५९३००९ | १५०% | ६५२६५४ | १५८% |

ख . प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.५ मा प्रस्तुत गरिएको छ।

तालिका *२.5 :* प्राथमिकताक्रमको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु)

**रकम रु. हजारमा**

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| P1 | १९ | २४२१०१ | ४७.९८ | २६६३११ | ४६.६७ | २९०५३७ | 47.99 |
| P2 | ३९ | २६२४७२ | ५२.०२ | ३०४३३९ | ५३.३३ | ३१४९१० | ५२.०१ |
| जम्मा | ५८ | ५०४५७३ | १००.०० | ५७०६५० | १०० | ६०५४४७ | १००.०० |

**ग दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नंमा प्रस्तुत गरिएको छ। २.६ .

तालिका २.6 : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु)

**रकम रु. हजारमा**

| सङ्केत नम्बर | दिगो विकास लक्ष्य | आयोजना कार्यक्रम संख्या | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ४ | 25998.00 | ५% | २८५९७८ | ५% | ३११९८ | ५% |
| २ | शून्य भोकमरी | ६ | 9638.00 | २% | १०६०१८ | २% | ११५६६ | २% |
| ३ | स्वस्थ जीवन | ८ | 89462.00 | १८% | ९८४०८२ | १८% | १०७३५४ | १८% |
| ४ | गुणस्तरीय शिक्षा | ४ | 127279.00 | २५% | १४०००६९ | २५% | १५२७३५ | २६% |
| ५ | लैङ्गिक समानता | ५ | 1200.00 | 0% | १३२०० | 0% | १४४० | 0% |
| ६ | स्वच्छ पानी र सरसफाइ | ८ | 82000.00 | १६% | ९०२००० | १६% | ९८४०० | १७% |
| ७ | आधुनिक ऊर्जामा पहुँच | २ | 2500.00 | 0% | २७५०० | 0% | ३००० | १% |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | ३ | 3800.00 | १% | ४१८०० | १% | ४५६० | १% |
| ९ | उद्योग नविन खोज र पूर्वाधार | ५ | 24000.00 | ५% | २६४००० | ५% | २८८०० | ५% |
| १० | असमानता न्यूनीकरण | 0 | 0.00 | 0% | 0 | 0% | 0 | 0% |
| ११ | दिगो शहर र बस्ती | ३ | 40000.00 | ८% | ४४०००० | ८% | | 0% |
| १२ | दिगो उपभोग र उत्पादन | 0 | 0.00 | 0% | 0 | 0% | | 0% |
| १३ | जलवायु परिवर्तन अनुकुलन | २ | 1300.00 | 0% | १४३०० | 0% | ४२५६ | १% |
| १४ | सामुद्रिक स्रोतको उपयोग | 0 | 0.00 | 0% | 0 | 0% | 0 | 0% |
| १५ | भूसतह स्रोतको उपयोग | २ | 3200.00 | १% | ३५२०० | १% | ७८५७ | १% |
| १६ | शान्ति, न्याय र सबल संस्था | ४ | 3700.00 | १% | ४०७०० | १% | ७७९२ | १% |
| १७ | दिगो विकासको लागि साझेदारी | २ | 90500.00 | १८% | ९९५५०० | १८% | १३३७०६ | २३% |
| कुल जम्मा | | ५८ | 504015.7 | १००% | ५५५०३४७ | १००% | ५९२६६३ | १००% |

**घ.विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण दिगो**

लैंङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं २.७ . मा प्रस्तुत छ।

तालिका **२**.*7 :* लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु)

**रकम रु. हजारमा**

| **सङ्केत नम्बर** | लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८०/८१ को विनियोजन | | २०८१/८२ को खर्च प्रक्षेपण | | २०८२/८३ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ०१ | निर्दिष्ट | ३४ | ३८९३६२ | ७७.१७ | ४२८२९८२ | ७७.१७ | ४६७२३४.४ | ७७.१७ |
| ०२ | सहयोगी | १९ | ९३४११ | १८.५१ | १०२७५२१ | १८.५१ | ११२०९३.२ | १८.५१ |
| ०३ | तटस्थ | ५ | २१८०० | ४.३२ | २३९८०० | ४.३२ | २६१६० | ४.३२ |
| | **जम्मा** | ५८ | ५०४५७३ | १०० | ५५५०३०३ | १०० | ६०५४८७.६ | १०० |

**ङ जलवायु संकेतको आधारमा तीन आर्थिक बर्षको अनुमान तथा प्रक्षेपण .**

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं २.८ . मा प्रस्तुत छ।

तालिका **२**.*8 :* जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (हजारमा .रु)

| **सङ्केत नम्बर** | **लैङ्गिक सङ्केत** | | २०८०/८१ को विनियोजन | | **आ.व. २०../.. को खर्च प्रक्षेपण** | | **आ.व. २०../.. को खर्च प्रक्षेपण** | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **रकम** | **प्रतिशत** | **रकम** | **प्रतिशत** | **रकम** | **प्रतिशत** |
| ०१ | अत्यन्त सान्दर्भिक | ३१ | १९९५६६ | ४०% | २१९५२२६ | ४०% | २३९४७९ | ४०% |
| ०२ | सान्दर्भिक | १५ | २०६००७ | ४१% | २२६६०७७ | ४१% | २४७२०८ | ४१% |
| ०३ | तटस्थ | १२ | ९९००० | २०% | १०८९००० | २०% | ११८८०० | २०% |
| **कुल जम्मा** | | **५८** | **५०४५७३** | **१००%** | **५५५०३०३** | **१००%** | **६०५४८७.४** | **१००%** |

## २.८ विषय उपक्षेत्रगत बाँडफाँट

विषय उपक्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं२. .९ मा प्रस्तुत गरिएको छ। विषय उपक्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण अनुसूची ३ समावेश गरिएको छ।

तालिका **२**.*9 :* आगामी तीन आ.व. मा (हजारमा .रकम रु) विषय उपक्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण.

| क.स | विषय क्षेत्र | २०८०/०८१ व्यय अनुमान | | | २०८१/०८२ को खर्च प्रक्षेवण | | | २०८२/०८३ को खर्च प्रक्षेवण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १ | कृषि तथा खाद्य सुरक्षा | ७५१० | ६००८ | १५०२ | १२७७९ | १०२२३ | २५५६ | १४०७९ | ११२६३ | २८१६ |
| २ | सिंचाई | १९८५८ | ३९७२ | १५८८७ | ६९५२ | १३९० | ५५६१ | ७६५९ | १५३२ | ६१२७ |
| ३ | पशु सेवा | ५४४३ | ४३५५ | १०८९ | १९९४ | १५९५ | ३९९ | २१९६ | १७५७ | ४३९ |
| ४ | उद्योग, व्यापार तथा व्यावसाय | ४९९० | २९९४ | १९९६ | ५००९ | ३००६ | २००४ | ५५१९ | ३३११ | २२०८ |
| ५ | पर्यटन तथा संस्कृति | २९७४ | ८९२ | २०८२ | २५५६ | ७६७ | १७८९ | २८१६ | ८४५ | १९७१ |
| ६ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | १९६६ | १५७३ | ३९३ | ७६७ | ६१३ | १५३ | ८४५ | ६७६ | १६९ |
| ७ | श्रम, रोजगारी र गरिबी निवारण | २२८३२ | ६८५० | १५९८२ | १६३५७ | ४९०७ | ११४५० | १८०२१ | ५४०६ | १२६१४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षा, कला, भाषा तथा साहित्य | १२९१७९ | १०९८०२ | १९३७७ | १६८४३० | १४३१६५ | २५२६४ | १८५५५७ | १५७७२३ | २७८३४ |
| ९ | स्वास्थ्य तथा पोषण | ८९४१२ | ७१५३० | १७८८२ | ३७००९ | २९६०७ | ७४०२ | ४०७७२ | ३२६१७ | ८१५४ |
| १० | खानेपानी तथा सरसफाइ | ५९६२५ | ११९२५ | ४७७०० | ३५२१९ | ७०४४ | २८१७६ | ३८८०१ | ७७६० | ३१०४१ |
| ११ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | १००८ | ९०७ | १०१ | ७६६८ | ६९०१ | ७६७ | ८४४७ | ७६०२ | ८४५ |
| १२ | युवा, खेलकुद तथा नवप्रवर्तन | ३९८२ | ११९५ | २७८७ | १२७८ | ३८३ | ८९५ | १४०८ | ४२२ | ९८६ |
| १३ | बस्ती विकास, आवास, भवन तथा शहरी विकास | ३९७६७ | ३९७७ | ३५७९० | २६३२५ | २६३३ | २३६९३ | २९००२ | २९०० | २६१०२ |
| १४ | सडक तथा यातायात | १४९१९ | १४९२ | १३४२७ | ६५६८५ | ६५६८ | ५९११६ | ७२३६४ | ७२३६ | ६५१२८ |
| १५ | जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | २४७० | २४७ | २२२३ | १४८२ | १४८ | १३३४ | १६३३ | १६३ | १४७० |
| १६ | सूचना, सञ्चार तथा प्रविधि | २४७० | ९८८ | १४८२ | ५११ | २०४ | ३०७ | ५६३ | २२५ | ३३८ |
| १७ | वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण | १९६६ | ३९३ | १५७३ | ६१३४ | १२२७ | ४९०७ | ६७५८ | १३५२ | ५४०६ |
| १८ | वातावरण तथा फाहोरमैला व्यवस्थापन | ५०४ | १५१ | ३५३ | १७३८ | ५२१ | १२१७ | १९१५ | ५७४ | १३४० |
| १९ | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | १९६६ | ११७९ | ७८६ | ३३२३ | १९९४ | १३२९ | ३६६० | २१९६ | १४६४ |
| २० | नीति, कानून, न्याय तथा सुशासन | ५०४ | ५०४ | ० | ८६९ | ८६९ | ० | ९५७ | ९५७ | ० |
| २१ | संगठन, मानव संशाधन र क्षमता विकास | ८९४१२ | ८९४१२ | ० | १०३५११ | १०३५११ | ० | ११४०३७ | ११४०३७ | ० |
| २२ | राजस्व तथा राजस्व परिचालन | २०२ | १८१ | २० | ६१३ | ५५२ | ६१ | ६७६ | ६०८ | ६८ |
| २३ | तथ्याङ्क, योजना तथा विकास परिचालन | १०५८ | १०५८ | ० | ४९५८ | ४९५८ | ० | ५४६३ | ५४६३ | ० |
| | कूल जम्मा | **५०४०१६** | ३२१५८५ | १८२४३१ | **५१११६७** | ३३२७८८ | १७८३७९ | **५६३१४६** | ३६६६२८ | १९६५१८ |

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय उपक्षेत्रगत नतिजा, विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उपक्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ।

## परिच्छेद ३ : आर्थिक विकास क्षेत्र

कृषि तथा सिंचाई, पशु विकास, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उपक्षेत्रहरु यस परिच्छेदमा समेटिएको छ। यस परिच्छेदमा हरेक उपक्षेत्रको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएका छन्।

### ३.१ कृषि तथा खाद्य सुरक्षा

#### ३.१.१ पृष्ठभूमि

कृषि तथा पशुपालन रास्कोट नगरपालिकाका नागरिकको जीवन यापनको प्रमुख आधार हो। यस नगरपालिकामा आलु, गहुँ, मकै, कोदो, जौ जस्ता खाद्यान्न वाली र भटमास, सिमी आदि दलहन बालीको उत्पादन प्रमुख रुपमा रहेको देखिन्छ। तरकारी र फलफूल तर्फ प्याज, खुर्सानी, बन्दा, लसुन, काँक्रो, गोलभेंडा, सुन्तला आदि प्रमुख रुपमा रहेका छन भने वन लसुन र यार्सागुम्वा यहाँका उच्च मूल्य युक्त जडीवुट्टी हुन। यहाँका ४७ प्रतिशत कृषकले मकै खेती गर्ने गरेको र गत वर्ष ४४४.१४ मे.टन उत्पादन र १२३ मे.टन विक्री भएको देखिन्छ। त्यस्तै १२३ मे.टन कोदो, ३९८ मे.टन आलु, गहुँ, जौ र भटमासको उत्पादन क्रमशः १४४, ६३ र ४० मे.टन उत्पादन भएको देखिन्छ भने धान उत्पादन १३ मेट्रिक टन भएको देखिन्छ। करिव एक प्रतिशत कृषक हरियो तरकारी उत्पादनमा संलग्न रहेका देखिन्छन।

खाद्य सुरक्षाका हिसावले २२ प्रतिशत घर परिवारलाई मात्र आफ्नो उत्पादनले वार्षिक १० महिना भन्दा वढी खान पुग्ने, त्यस्तै ७ देखि ९ महिना सम्म खान पुग्ने १५ प्रतिशत ४ देखि ६ महिना सम्म खान पुग्ने ३५ प्रतिशत र ३ महिना भन्दा कम खान पुग्ने २८ प्रतिशत रहेको छ।

आलु, गहुँ, जौ र भटमास लगायतका स्थानीय उत्पादनको विस्तार गरि मूल्य श्रृङ्खालामा आवद्ध गर्न सकिने, यार्सागुम्वा, वन लसुन जस्ता उच्च मूल्य जडि वुट्टीको सम्भावना, चरण र घाँसे मैदान भएकोले व्यावसायिक पशुपालनको अनुकूल्ता, सुन्तला, कागती, ओखर जस्ता फलफुल र तरकारीको व्यावसायिक खेतिको सम्भावना, सिचाइका श्रोतहरूको उपलब्धता भएको र कृषि स्थानीय सरकारको अधिकार क्षेत्रमा हुनु, अधिकांश नागरिक र जन प्रतिनिधिहरूको चासोको विषय रहनु आदि प्रमुख अवसर हुन।

नगरपालिकाले कृषिलाई आधुनिक र ब्यवसायिक रुपमा विस्तार गर्न विभिन्न पकेट क्षेत्र पहिचान गरी उत्पादन बृद्धि गर्ने लक्ष्य लिएको छ।

#### ३.१.२ समस्या तथा चूनौति

निर्वाह मुखी कृषि, खाद्य सुरक्षाको कमी, न्यून उत्पादकत्व, बढ्दो आयात मूखि संस्कृति, सिचाइको धान कमी, जैविक मल, उन्नत वीउ र आधुनिक प्रविधिको अभाव, कृषि बजार र सूचनाको अभाव आदि प्रमुख समस्या रहेका छन।

व्यावसायिक तथा जैविक कृषि विकास गर्नु, उन्नत मल वीउ र प्रविधि ल्याउनु, कृषिलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, वाली विविधिकरण र सघनीकरण गर्नु, कृषि योग्य जमिनमा सिचाइको व्यवस्था गर्नु, खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति वढाउनु, कृषिका पकेट क्षेत्रमा यातायात पहुँच पुर्याउनु आदि प्रमुख चुनौती हुन।

**हामी बनाउँछौ हाम्रो नगर  नारा रहको**

#### ३.१.३ सोच

"रास्कोट समृद्धि, कृषि उत्पादनमा बृद्धि"

#### ३.१.४ उद्देश्य

कृषि र पशुपालनमा आधुनिकीकरण गरी कृषकको जीवन स्तरमा सुधार गर्नु।

#### ३.१.५ रणनीति

१. व्यावसायिक कृषि र पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने,
२. कृषि तथा पशुजन्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्ने,
३. स्थानीय विशिष्टिकृत उत्पादनको व्राण्डिङ र बजारीकरण गर्ने।

३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | ५२ | ५३ | ६० | ७२ | ८० |
| आफ्नो आयको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ८४ | ८२ | ७८ | ७५ | ६८ |
| सानास्तरका खाद्य उत्पादकहरूको औसत आय | रु हजार | ० | ० | ० | ० | ० |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी | संख्या | ७४ | ७६ | ८२ | ८५ | ९० |
| कुल कृषिभूमिमध्ये खेति गरिएको भूमि | प्रतिशत | ८ | १० | १२ | १५ | २० |
| स्थानीय उत्पादनले पूरा गर्ने तरकारी तथा कृषि उपजहरुको माग | प्रतिशत | १४ | १६ | १७ | १९ | २२ |
| खाद्यान्न बालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.टन | ९०० | ९७८ | ११०० | १२५० | १५०० |
| कुल तरकारी उत्पादन | मे.टन | ४०५ | ४४४ | ५०० | ६०० | ८०० |
| कुल दलहन बाली उत्पादन | मे.टन | ४० | ५१ | ७० | ८० | ९० |

स्रोतः कृषि शाखा, रास्कोट नगरपालिका

३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ७५१० | ६००८ | १५०२ | ० | ८६९ | ५५६७ | १०७४ | ० |
| २०८१/८२ | १२७७९ | १०२२३ | २५५६ | ० | ९६३ | १०६३४ | ११८२ | ० |
| २०८२/८३ | १४०७९ | ११२६३ | २८१६ | ० | १०६८ | ११७१० | १३०० | ० |

३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | तरकारी बाली,तथा साना सिंचाई प्रबद्धन एवं फलफुल पकेट विकास एवम पर्बर्धन कार्यक्रम | तरकारी बाली,तथा साना सिंचाई प्रबद्धन एवं फलफुल पकेट विकास एवम प्रबर्द्धन गर्नु । | सालबसाली | ११७९८ | तरकारी बाली, फलफलु तथा साना सिंचाई प्रबद्धन गरि १० % सुबिधा बिस्तार हुनेछ । |
| २ | किसान सुचीकरण तथा कृषि,पशुपंन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यकम | किसान सुचीकरण तथा कृषि,पशुपंन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यकम गर्नु । | सालबसाली | ११५२ | किसान सुचीकरण तथा कृषि,पशुपंन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यकम गरि ३०% क्षेत्रमा सुबिधा बिस्तार हुनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | दलित समुदाय लक्षित कृषि उत्पादन कार्यक्रम | दलित समुदायका लागि लक्षित कृषि उत्पादन गर्नु । | सालवसाली | ३३०० | दलित समुदायका लागि लक्षित कृषि उत्पादन २०% वृद्धि हुनेछ । |
| ४ | कृषि प्रसार खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम एवं बेसार प्रसोधन उद्योग | कृषि प्रसार खाद्य सुरक्षा तथा पोषण सुधार सहयोग कार्यक्रम एवं बेसार प्रसोधन उद्योग संचालन गर्नु । | सालवसाली | ५८२१ | खाद्य सुरक्षा एवं बेसार प्रसोधन उद्योग बाट ४०% जनसंख्या लाभान्वित हुनेछ । |
| ५ | कृषीको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने थप कार्यक्रम एवं कृषि रणनिति तथा अन्य सालवसाली कार्यक्रम | कृषि लाई ब्यबसायीकरण गरि आयआर्जनमा वृदी गर्ने | सालवसाली | ७९२ | कृषि पेशालाई ब्यबसायीकरण बनाई आयआर्जनमा वृदी भएको हुने छ । |
| | जम्मा | | | २४८६२ | |

३.१.९ जोखिम पक्ष तथा अनुमान

नगरपालिका मा रहेका ब्यवसायिक कृषकहरुको संख्या बृद्धि भई कृषि उत्पादकत्व बढ्ने र बजारीकरण सुदृढ भएको हुनेछ। कृषि उत्पादनमा उन्नत प्रविधि, मल, गुणस्तरीय बीउ, भरपर्दो सिंचाई प्रणाली, बजार प्रणालीमा सुधार ल्याउन नसकेमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ। यसैगरी कृषिजन्य उत्पादनमा नयाँ प्रकोपहरु आउन सक्ने सम्भावना समेत रहन्छ।

## ३.२ सिंचाई

३पृष्ठभूमि २.१.

रास्कोट नगरपालिका मा सिचाईको प्रचुर सम्भावना रहेको छ । सिचाइ कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार हो । यस नगरपालिका मा अविरल पानी वग्ने १२ वटा खोला तथा नदीहरू रहेका छन। सिचाइको अवस्था हेर्दा कृषि योग्य जमिन ६४२० हेक्टर मध्ये २८६० हेक्टर मात्र सिचाइ योग्य जमिन रहेको छ। भने जम्मा ७८ हेक्टर क्षेत्रफलमा मात्र सिचाइ सुविधा पुगेको छ। यस नगरपालिका मा नदीजन्य प्रकोपबाट वर्षेनी क्षति हुने गरेको छ । यसमा पनि माछाखोला, वुढीकर्णाली, नौली खोलाबाट बढी क्षति हुने गरेको छ। वातावरणीय पक्षको अध्ययन वीनाको अनियन्त्रित पूर्वाधार विकासले पैरोको समस्या झनझन वढ्दै गएको छ। सिंचाई सुबिधा विस्तारका लागि सबै तहका सरकारहरुको साथ तथा सहयोग हुँदै आएको छ। हाल सिंचाईका लागि नगरपालिका तथा प्रदेश सरकारबाट समेत सिचाई आयोजनामा अनुदान प्राप्त हुदै आएको छ।

३समस्या तथा चुनौति २.२.

नगरपालिका मा सिचाई पुर्वाधार व्यवस्थित नहुनु, नदीजन्य प्रकोप वढदै जानु, नयाँ प्रविधिमा आधारित सिचाइ योजनाको विस्तार नहुनु आदि प्रमुख समस्या हुन। सिचाइ सुविधा विस्तार गर्न श्रोतको अपुग गर्नु, पानीजन्य प्रकोप नियन्त्रण गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन।
साथै सिंचाई आयोजनाको दिगो उपयोग, मर्मत सम्भार र समुचित व्यवस्थापनमा कमी रहेको छ। समथर फाँट भन्दा माथिको सुख्खा क्षेत्रमा सिंचाई सुविधाका लागि वैकल्पिक सिंचाई सुविधाको व्यवस्था हुन सकेको छैन।

३सोच २.३.

“दिगो पूर्वाधार सहितको ब्यवस्थित सिंचाई”

३उद्देश्य २.४.

१. कृषि योग्य जमिनमा सिचाइ सुविधा विस्तार गर्नु
२. सञ्चालनमा रहेका कुलो तथा सिंचाई प्रणालीहरूको समुचित मर्मत, सम्भार तथा दिगो ब्यवस्थापन गर्नु।
३. सिंचाई सुविधा नपुगेका विपन्न तथा दुर्गम वडा क्षेत्रमा सर्वसुलभ सिंचाई सुनिश्चित गर्नु।

३रणनीति २.५.

१.परम्परागत तथा नयाँ सिचाइ प्रणालीको विकास गरी कृषि योग्य भूमिमा सिचाइ सुविधा विस्तार गर्ने।
२. भूमिगत जल तथा ताल पोखरीको संरक्षण गर्ने,
३. सिचाई प्रणालीलाई आधुनिकिकरण तथा प्रविधियुक्त बनाउने,
४. साना तथा मझौला सिचाई आयोजना समुदाय तथा नगरपालिका को साझेदारीमा कार्यान्वयन गर्ने प्रकृया अवलम्वन गर्ने।

३नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २.६.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिशत | २० | २५ | ३० | ३९ | ५० |
| एकीकृत सिचाई आयोजना | संख्या | २ | २ | ४ | ५ | ७ |
| थोपा सिचाईका लागि अनुदान प्राप्त कृषक | संख्या | ० | ० | ३०० | ५०० | ८०० |

३विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २.७.

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३७८० | ३२१३ | ५६७ | ० | ० | ३७८० | ० | ० |
| २०८१/८२ | ३८२६ | ३२५२ | ५७४ | ० | ० | ३८२६ | ० | ० |
| २०८२/८३ | ३९१९ | ३३३१ | ५८८ | ० | ० | ३९१९ | ० | ० |

३कार्यक्रम २.८./आयोजनाको संक्षिप्त विवरण

| क्रस | उपक्षेत्र कार्यक्रम आयोजना | उद्देश्य | अवधि (सुरु समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | पकेट क्षेत्र लगायत साना सिचाई आयोजना मार्फत बर्षभरी सिचाई सुबिधा विकास र विस्तार गर्नु | सालबसाली | ११५२४ | कुल खेति योग्य जमिनको ५०% क्षेत्रमा सिचाई सुबिधा बिस्तार हुनेछ। |
| | **जम्मा** | | | **११५२४** | |

३जोखिम पक्ष तथा अनुमान २.९.

नगरपालिका को बार्षिक बजेट कार्यक्रममा सिचाईलाई प्राथमिकताका साथ तर्जुमा गरिएको छ। ब्यवसायीक कृषकहरुबाट समेत आफनै पहलमा सिचाई सेवा विस्तार गरिनेछ। मौषम परिवर्तनका कारण बर्षायाममा पहिरो तथा हिउदमा अत्यन्तै सुख्खा खडेरी हुने कारणले गर्दा सतह सिचाईका पूर्वाधारबाट पानीको मात्रा घट्न तथा क्षति हुन सक्ने जोखिम रहन्छ।

## ३.३ पशु विकास

३ ३.१. पृष्ठभुमी

पशु पालन रास्कोट नगरपालिका को प्रमुख आर्थिक गतिबिधिमध्ये एक हो। यस क्षेत्रका किसानहरु गाई गोरु, बाख्रा, भेडा हाँस तथा कुखुरा पालन गर्दै आएका छन्। यहाँ करिव ४९ प्रतिशत कृषकहरू पशुपालनमा संलग्न छन, पशुपालक किसानहरू मध्ये २९

प्रतिशत गाई तथा भैंसी पलान, ३३ प्रतिशत कुखुरा पालन ८ प्रतिशत घोडा खच्चड, र २ प्रतिशत सुंगुर पालनमा आवद्ध छन। ३४ घर परिवार अर्थात ०.८ प्रतिशत घर परिवारले मौरी पालन गरेका छन। आम्दानीका हिसावले हेर्दा भेडा बाख्रा पालनबाट १.३५ करोड, घोडा खच्चडबाट १.२५ करोड, गाई, भैंसीबाट ७५ लाख, सुंगुर पालनबाट १०.७५ लाख र मौरी पालनबाट ३४ लाख आम्दानी भएको देखिन्छ।

३ ३.२. समस्या तथा चूनौति

निर्वाह मुखी न्यून उत्पादकत्व भएका पशु पालन निरन्तर हुनु, उच्च उत्पादकत्व भएका पशु पालन नहुनु, बढ्दो आयात मूखि संस्कृति, उन्नत घास वीउ र आधुनिक प्रविधिको अभाव, पशु बजार र सूचनाको अभाव आदि प्रमुख समस्या रहेका छन।

व्यावसायिक तथा जैविक पशु पालन क्षेत्रको विकास गर्नु, उन्नत घास, औषधी उपचार सेवा उपलब्ध गराउन तथा पशुपालनलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, स्थानीय उत्पादनको उपभोग प्रवृत्ति वढाउनु, पशु पकेट क्षेत्रमा यातायात पहुँच पुर्याउनु आदि प्रमुख चुनौती हुन।

३सोच ३.३.

"दिगो तथा उन्नत पशुपालन, सक्षम किसान"

३उद्देश्य ३.४.

- किसान, कृषि सहकारी तथा ब्यवसायीहरुको क्षमता विकास गरी नाफामुलक ब्यवसायको रुपमा स्थापना गर्नु
- नगरपालिका को नीति कार्यक्रम अनुसार पशुपालन पकेट पहिचान गरी पूर्वाधार विकास गर्नु।
- पशुपालनसँग सम्बन्धित बजारीकरणलाई सुधार गरी रोजगारी र आयआर्जनको अवसर विस्तार गर्नु।

३.३रणनीति ५.

१. पशुपालनको व्यावसायिक पकेट क्षेत्र पहिचान तथा निर्माण गर्ने।
२. पशुपालन व्यवसाय सम्बन्धी आवश्यक प्राविधिक ज्ञान तथा सूचना हस्तान्तरणका लागि मोवाइल सेवा प्रदान गर्ने।
३. स्थानीय प्रजातिका पशुपन्छीहरूको संरक्षण र संवद्र्धन गरी मासु एवम्ः दूध उत्पादन वृद्धि गर्ने।

३ ३.६. ध्यमकालीन लक्ष्यनतिजा सूचक तथा म

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | १००० | १५०० | २००० | २५०० | ३००० |
| व्यवसायिक फर्मको संख्या | संख्या | ३४ | ४३ | ६० | ८० | १०० |
| बार्षिक दुधको उत्पादन | मे.टन | ० | ० | ० | ० | ० |
| बार्षिक मासु उत्पादन | मे.टन | ० | ० | ० | ० | ० |
| बार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | ० | ० | ० | ० | ० |

७.३.३ विषय क्षेत्रगत खर्चको त्रिवर्षिय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५४४३ | ४३५५ | १०८९ | ० | ० | ५४४३ | ० | ० |
| २०८१/८२ | १९९४ | १५९५ | ३९९ | ० | ० | १९९४ | ० | ० |
| २०८२/८३ | २१९६ | १७५७ | ४३९ | ० | ० | २१९६ | ० | ० |

३.८ .२ कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | इपिडेमियोलोजिकल रिर्पोटिं र महामारी / आकस्मीक रोग नियन्त्रण कार्यक्रम | इपिडेमियोलोजिकल रिर्पोटिं तयार गर्नु र महामारी / आकस्मीक रोग नियन्त्रण गर्ने प्रयास गर्नु । | सालवसाली | ३७० | ९ वटा वडाको इपिडेमियोलोजिकल रिर्पोटिं तयार गर्नु र पशुपंछीमा हुने महामारी / आकस्मीक रोग नियन्त्रण गर्ने प्रयास गरिनेछ । |
| २ | आधारभुत प्रयोग शाला एवं कृतिम गर्भाधान मिसन कार्यक्रम | आधारभुत प्रयोग शाला एवं कृतिम गर्भाधान मिसन कार्यक्रम गर्नु | सालवसाली | २४७५ | १० प्रतिशसत पशुपंछिको आधारभुत प्रयोग शाला एवं कृतिम गर्भाधान मिसन कार्यक्रमा पहुँच सुनिश्चितता गरिनेछ । |
| ३ | दलित समुदाय लक्षित पशुपंछि प्रवद्धर्न कार्यक्रम | दलित समुदाय लक्षित पशुपंछि प्रवद्धर्न कार्यक्रम गर्नु । | सालवसाली | १००२५ | दलित समुदाय लक्षित पशुपंछि प्रवद्धर्न कार्यक्रमा २० प्रतिशत लाभान्वित हुनेछन् । |
| ४ | पशुपंछि बिकास प्रवद्धन एवं पशु रणनिति तथा अन्य सालवसाली कार्यक्रम | पशुपंछि बिकास प्रवद्धन एवं पशु रणनिति तथा अन्य सालवसाली कार्यक्रम गर्नु । | सालवसाली | ६९३० | पशुपंछि बिकास प्रवद्धन एवं पशु रणनिति तथा अन्य सालवसाली कार्यक्रम हुनेछन् । |
| | जम्मा | | | १९८०० | |

३जोखिम पक्ष तथा अनुमान ३.९.

नगरपालिका को समन्वयमा संघ र प्रदेश कार्यालयबाट पशुलालन क्षेत्रमा पूर्वाधार, प्रविधि तथा सीप विकास गर्न सकिनेछ । नयाँ ब्यवसायीहरुबाट पशुलापन व्यवसायमा लगानी परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । उचित स्याहार, आहार तथा गोठका लागि पर्याप्त लगानी तथा नियमित उपचारको उपयुक्त व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ३.४ उद्योग तथा व्यापार

३पृष्ठभूमि ४.१.

कर्णाली प्रदेशको ऐतिहासिक क्षेत्र कालीकोट जिल्लाको दुर्गम भूगोल रहेको यस रास्कोट मा ठुला औद्योगिक तथा व्यापारिक क्षेत्र एवम् सडक पुर्वाधारको उचित व्यवस्था नभएपनि यस क्षेत्रमा लघु, साना, मझौला उद्योग व्यापार व्यवसाय सञ्चालनमा रहेका छन्। यस नगरपालिका मा कृषि, जडिवुट्टी र वन लगायत स्थानीय कच्चा पदार्थमा आधारित उद्योग, व्यवसायको विकास गरी आय र रोजगारीका सम्भावनाहरू उजागर गर्न सकिन्छ । उद्योगको स्थिति हेर्दा यस पालिकामा जम्मा १२ ओटा लघु एवम् घरेलु उद्योग रहेका छन। उत्पादनको आधारमा हेर्दा खाद्यन्न (७), फर्निचर (१) र फलामे घरेलु उद्योग (५) रहेका छन, यस हिसावले उत्पादनशील उद्योगको संख्या नगन्य रहेको छ ।

३समस्या तथा चूनौति ४.२.

नगरपालिका मा उद्योग र उद्यमशिलताको कमी, औद्योगिक पूर्वाधारको कमी, औद्योगिक ग्राम स्थापना नहुनु, जनशक्तिको कमी, व्यावसायिक दक्षताको अभाव, वाह्य बजार सँग पहुँचको अभाव, उद्योगको लागि आवश्यक विद्युतको अभाव, वित्तीय पहुँचको कमी दुर्लभ र महत्वपूर्ण जडिवुट्टीहरूको अव्यवस्थित सङ्कलन र प्रशोधन विना निकासी हुनु, यथोचित तथ्याङ्कको अभाव आदि प्रमुख समस्या रहेका छन।

पूर्वाधार निर्माण गरी औद्योगिक वातावरण सृजना गर्नु, उद्यमशिलता विकास गर्नु, औद्योगिक जनशक्ति उत्पादन गर्नु, कृषि, पशु विकास र जडीवुट्टीको व्यावसायिक उत्पादन गर्नु, औद्योगिक ग्रामको निर्माण गर्नु, सडक, विद्युत आदि भौतिक पूर्वाधारको पहुँच वृद्धि गर्नु, वित्तीय पहुँच अभिवृद्धि गर्नु, बाह्य लगानी वातावरणको निर्माण गर्नु, प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु, युवा जनशक्तिलाई उद्यमशिलता तर्फ आकर्षित गराउनु, व्यापार व्यवसायको आकार सानो हुनु, आदि प्रमुख चुनौती हुन।

३सोच ४.३.

“दिगो तथा रोजगारमूलक स्थानीय उद्योगको प्रवर्द्धन”

३उद्देश्य ४.४.

१. उद्योग, व्यापार र व्यवसाय विकास गरी आय र रोजगारी वृद्धि गर्नु।
१. नगरको आर्थिक विकासमा उद्योग तथा ब्यापार क्षेत्रको योगदानमा बृद्धि गर्नु।
२. नगर भित्रका निजी क्षेत्र, समुदाय तथा सहकारीको सहकार्यमा उद्यमशीलता प्रवद्र्धन र पँजी निर्माण गरी सूचना प्रविधि र युवामैत्री नमूना उद्योगहरू प्रवर्द्धन गर्नु।

३रणनीति ४.५.

१. उद्यमशीलताको प्रवर्द्धन गरी लघू तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने,
२. व्यापार व्यवसायको विकास र विस्तार गर्ने।
३. उद्योग व्यापारको नियमन तथा सहजीकरणका लागि नगरपालिका को कार्यविधि तथा संयन्त्र निर्माण गर्ने।
४. निजी क्षेत्रलाई प्रोत्साहन गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई पवर्द्धन गर्ने।

३मध्यमकालीन लक्ष्य नतिजा सूचक तथा ४.६.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | १२०० | १३०० | १५०० | १६०० | १७५० |
| नगरपालिका मा दर्ता भएका उद्योग व्यवसायहरु | संख्या | ४४ | ५० | ६० | ७५ | १०० |
| व्यवसाय करबाट संकलित राजस्व | रु. हजारमा | १७५ | २०० | २५० | ३०० | ३५० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | २ | २ | २ | २ | २ |
| व्यवसायिक क्षेत्रको वार्षिक उत्पादन (कुल मूल्य अभिवृद्धि) | रु. लाखमा | ४००० | ४५०० | ५००० | ५५०० | ६००० |

३ ४.७. स्रोतको त्रिवर्षीय अनुमान विषय क्षेत्रगत खर्च तथा

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ४९९० | २९९४ | १९९६ | ० | ० | ४९९० | ० | ० |
| २०८१/८२ | ५००९ | ३००६ | २००४ | ० | ० | ५००९ | ० | ० |
| २०८२/८३ | ५५१९ | ३३११ | २२०८ | ० | ० | ५५१९ | ० | ० |

३ ४.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **उद्योग, व्यापार तथा व्यावसाय** | | | | |
| 1 | लघु, घरेलु तथा साना उद्योग प्रबर्द्धन कार्यक्रम | क्षमता अभिब्रिद्वी, उत्पादकत्व बृद्वी भै स्थानिय अर्थतन्त्रमा योगदान गर्ने | सालबसाली | १६५०० | व्यवसायिक क्षेत्रको उत्पादन र रोजगारीमा १५ प्रतिशतले वृद्धि हुनेछ । |
| | जम्मा | | | १६५०० | |

३ ४.९. जोखिम पक्ष तथा अनुमान

नगरपालिका को पहलमा उद्योग ब्यापार प्रवद्र्धनका लागि पुर्वाधार, सीप तथा प्रविधिको विकास हुन सक्नेछ। उत्पादनमुखी उद्योगमा लगानी र बजार मूल्यमा कडा प्रतिस्पर्धाका कारण स्थानीय उद्योग तथा ब्यवसायीहरु पलायन हुन सक्ने जोखिम रहन्छ।

## ३.५ पर्यटन विकास

३पृष्ठभूमि ५.१.

प्रकृति र संस्कृतिको खुला संग्रहालय भन्ने पर्यटन व्राण्ड रहेको रास्कोट नगरपालिकाको आर्थिक समृद्धिको महत्वपूर्ण आधारको रुपमा पर्यटन रहेको छ। मनास्लु संरक्षण क्षेत्र, लार्के पास, गणेश हिमाल, वौद्ध हिमाल, रुवीनाला जस्ता प्रसिद्ध स्थान र बडिमालीका श्रृङ्खला जाने पद मार्गको द्वार तथा , देउरामालीका सम्म पुग्ने प्रस्तावित पद मार्ग समेत यसै नगरपालिका भित्र पर्दछ । यस पालिकामा १ वटा गुफा, ९ वटा पोखरी, १ वटा झर्ना लगायत रमणीय पर्यटकीय आकर्षण केन्द्रको रुपमा रहेका छन । यसै गरी साँस्कृतिक सम्पदाका रुपमा रहेका ३ वटा धार्मिक क्षेत्र शिबनाथ खापरमाडु कालिका र छबिस मन्दिर,थप आकर्षणका केन्द्र रहेका छन। पुन निर्माणको प्रसिद्ध नमुना बस्ति यसै नगरपालिकामा पर्दछ। यस नगरपालिकामा साना ठुला गरी १० वटा होटल लज, ३, १ पर्यटकीय पदमार्ग र पदमार्गका विभिन्न स्थानहरूमा आकर्णषका रुपमा रहेका पाटनहरु विश्रामस्थल रहेका छन।

३ समस्या ५.२.तथा चूनौति

पर्यटन सम्बन्धी स्थानीय नीतिगत तथा कानूनी व्यवस्थाको कमी, मोटर बाटोको पहुँच र विस्तार सँगै पद मार्गहरू लोप हुँदै जानु, मापदण्ड अनुसारको सुरक्षित पद मार्ग नहुनु, पर्यटकीय स्तरका होटल र होमस्टेको कमी, तालिम प्राप्त पथ प्रदर्शक, भरिया, होटलकर्मीहरूको कमी, पर्यटकीय प्याकेजको कमी, प्रचार प्रसारको कमी, पर्यटन उद्यमशिलताको कमी आदि प्रमुख समस्याका रुपमा रहेका छन।

पर्यटकीय पदमार्गहरूको विकास र संरक्षण गर्नु, पर्यटकीय उपजहरूको विविधिकरण गर्नु, नयाँ गन्तव्यहरूको विकास गर्नु, पर्यटकीय पूर्वाधारको विकास गर्नु, रास्कोट पर्यटकीय विशिष्टता र विविधता वारे राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नु, स्थानीय संस्कृतिलाई पर्यटन विकास सँग आवद्ध गर्नु आदि प्रमुख चुनौतीको रुपमा रहेका छन।

३सोच ५.३.

"क्षेत्रीय साहसिक पर्यटकीय गन्तव्य"

३उद्देश्य ५.४.

१. पर्यटकीय आय र रोजगारीमा वृद्धि गर्नु,
२. स्थानीय कला र साँस्कृतिक विशिष्टताको संरक्षण र संवर्धन गर्नु,
३. रास्कोट क्षेत्रका पर्यटकीय पूर्वाधारको विकास गरी पर्यटन व्यवसायलाई प्रवर्धन गर्नु।

३रणनीति ५.५.

१. पर्यटक संख्या, वसाई अवधि र खर्च गराईमा वृद्धि गर्ने,

२. मौलिक कला तथा सस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटन सँग आवद्ध गर्ने,
३. पर्यटन विकासका लागि उपयुक्त नीतिगत तथा संस्थागत संरचनाको स्थापना गरी परिचालन गर्ने।
४. छिमेकी स्थानीय तहहरू, निजी व्यावसायिक संघ/संस्थाहरू र समुदायको सहकार्यमा पर्यटकीय स्थल र पूर्वाधारहरूको संरक्षण संवर्धन र विस्तार गर्ने।

३.५ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ६.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| व्यवस्थित र स्तरीय ऐतिहासिक, धार्मिक पर्यटकीय स्थल तथा सम्पदा | संख्या | ५ | १०० | १०५ | १०८ | ११० |
| व्यवस्थित पार्क/उद्यान, पिकनिक र साईक्लीङ रुट | संख्या | ३ | १२ | १३ | १५ | १७ |
| बार्षिक वाह्य तथा आन्तरिक पर्यटक आगमन संख्या (हजारमा) | संख्या | ९ | १० | १२ | १३ | १५ |
| स्तरीय होटलको सख्या | संख्या | २ | २२ | २५ | ३० | ३५ |

३क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान विषय ५.७.

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २९७४ | ८९२ | २०८२ | ० | ० | २९७४ | ० | ० |
| २०८१/८२ | २५५६ | ७६७ | १७८९ | ० | ० | २५५६ | ० | ० |
| २०८२/८३ | २८१६ | ८४५ | १९७१ | ० | ० | २८१६ | ० | ० |

३कार्यक्रम ५.८./ आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | |
| १ | नमुना बस्तिमा होमस्टे संचालन आयोजना | नमुना बस्तिमा होमस्टे संचालन गर्नु । | सालबसाली | ६६०० | आन्तरीक पर्यटक आगमन तथा बसाई अवधीमा वार्षिक १० प्रतिशतले वृद्धि हुनेछ । |
| २ | रास्कोट कोट दरबार प्रवद्धन कार्यकम | धर्म संस्कृति प्रवर्द्धन, धार्मिक पर्यटकीय पुर्वाधार निर्माण, तथा सेवा सुविधाको विकास र विस्तार गर्नु | सालबसाली | ३३०० | पर्यटक आगमन वृद्धि हुनेछ । |
| | जम्मा | | | ९९०० | |

३जोखिम पक्ष तथा अनुमान ५.९.

नगरपालिका , निजी क्षेत्र तथा नागरिक समाजको साझेदारीमा धार्मिक पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवद्र्धन तथा सेवा सुविधाको विकास र विस्तार हुन सक्नेछ। कोभिड १९ लगायतका महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ।

## ३.६ भूमि व्यवस्था, बैंक, वित्त तथा सहकारी

यस नगरपालिकामा विद्यमान आर्थिक अवसरहरूलाई उपयोग गर्नका लागि सहकारी क्षेत्रले महत्वपूर्ण भूमिका हुन सक्दछ। यस नगरपालिकामा ३ वटा सहकारी संस्थाहरू दर्ता भएकोमा ३ वटा मात्र सञ्चालनमा रहेका छन। ती मध्ये धेरै जसो बचत तथा ऋण सहकारी संस्थाहरू छन्। यसै गरी रास्कोट नगरपालिकामा १ वाणिज्य बैंक ग्लोवल आइएमी बैंक र २ वटा वित्तीय संस्था रहेका छन्। नगरपालिकामा बैंक र वित्तीय संस्थाका शाखा स्थापना भइ सेवा प्रवाह हुदै आएको छ।

३समस्या तथा चूनौति ६.२.

सहकारी सम्बन्धी ज्ञानको कमि हुनु, सहकारी क्षेत्रको सार्वजनिक क्षेत्र र निजी क्षेत्र सँग सहकार्य नहुनु, सहकारी संस्था सञ्चालनका लागि आवश्यक पर्ने उद्यमशीलताको कमी हुनु, सहकारी क्षेत्र अन्तर्गत आय आर्जन तथा रोजगारीका अवसरहरू वारे सम्भाव्यता तथा अध्ययन विश्लेषण नहुनु, वित्तीय सेवाका निमित्त आवश्यक इन्टरनेट सुविधाको कमी, सञ्चालनमा रहेका वचत तथा ऋण लगायतका सहकारी संस्थाहरूको कारोवार क्षमता सीमित हुनु, आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन।

सहकारी संस्थाहरूलाई उत्पादनशील क्षेत्रमा लगानी प्रवद्र्धन गर्नु, बैंकिङ्ग तथा वित्तीय सेवा विस्तार गर्नु, सहकारीको प्रतिस्पर्धात्मक क्षमता बढाउनु, सहकारी शिक्षा प्रदान गर्नु र सहकारी क्षेत्रले सार्वजनिक क्षेत्र र निजी क्षेत्र सँग सहकार्य बढाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन।

३सोच ६.३.

"स्थानीय वासिन्दाको वित्तीय सेवामा सहज पहुँच"

३उद्देश्य ६.४.

१. सहकारी क्षेत्रलाई सवल, प्रतिस्पर्धात्मक एवम् व्यवसायिक तुल्याई उत्पादनशील क्षेत्रमा लगानी परिचालन गर्नु।
२. वित्तीय तथा बैंकिङ्ग सेवाको पहुँच बढाउनु।
३. सङ्घीय सरकार र नेपाल राष्ट्र बैंकले प्रवद्र्धन गरेका सहुलियतपूर्ण कर्जा सुविधा र ब्याजदर अनुदानका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग र सहजीकरण गर्नु।

३रणनीति ६.५.

१. सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशिल तुल्याउने।
२. सहकारी तथा वित्तीय क्षेत्रमा सुशासन कायम गर्ने।
३. नगरपालिकामा वित्तीय तथा बैंकिङ्ग सेवाको विस्तार गर्ने।

३नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ५.६.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | २० | ३० | ३५ | ४० | ५० |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ३० | ४० | ४५ | ५० | ६० |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | १५ | २० | २५ | ४० | ६० |

३विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ६.७.

| | बजेट अनुमान | बजेटको स्रोत |
|---|---|---|

| आर्थिक वर्ष | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | १९६६ | १५७३ | ३९३ | ० | १७४ | १७९२ | ० | ० |
| २०८१/८२ | ७६७ | ६१३ | १५३ | ० | १९३ | ५७४ | ० | ० |
| २०८२/८३ | ८४५ | ६७६ | १६९ | ० | २१४ | ६३१ | ० | ० |

३कार्यक्रम ६.८./आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **भूमी व्यवस्था तथा सहकारी** | | | | |
| १ | सहकारी पुर्व शिक्षा, ऐन नियम कानुनका लगायत नियमन तथा अनुगमन कार्यक्रम | सहकारीको उचित व्यवस्थापन र नागरिकहरुलाई वित्तिय पहुचमा अभिवृदी गर्नु | सालबसाली | १८१८० | सहकारीहरुलाई व्यवस्थापन र नागरिकहरुलाई वित्तिय साक्षरता मार्फत वित्तिय सेवामा सहज पहुच अभिवृदी गर्ने । |
| २ | भुउपयोग योजना मार्फत रास्कोट नगरपालिकाको सम्पुर्ण भुमिको कित्ता काट गरिने कार्यक्रम | भुउपयोग योजना मार्फत रास्कोट नगरपालिकाको सम्पुर्ण भुमिको कित्ता काट गरिने कार्यक्रम गर्नु । | सालबसाली | ३९६० | भुउपयोग योजना मार्फत रास्कोट नगरपालिकाको सम्पुर्ण ५० प्रतिशत भुमिको कित्ता काट गरिनेछ । |
| जम्मा | | | | २२१४० | |

३जोखिम पक्ष तथा अनुमान ६.९.

नगरवासीहरुमा वित्तीय सेवा विस्तार भएको हुनेछ । वित्तीय संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशील हुनेछन् । वित्तीय संस्थाहरुको खराब कर्जा बढ्न सक्ने जोखिम हुनेछ ।

## ३.७ श्रम, रोजगारी तथा गरिवी निवारण

३पृष्ठभूमि ७.१.

रास्कोट नगरपालिकाको युवा श्रमशक्तिको ठूलो हिस्सा परम्परागत कृषि पेशामा निर्भर छ। त्यस्तै यहाँका १०० भन्दा बढि जनशक्ति स्थानीय उद्योग, ब्यवसाय, होटेल लगायतका क्षेत्रमा दक्ष तथा अदक्ष श्रमीकको रुपमा कार्यरत छन् । ५०० भन्दा बढी श्रमशक्ति सेना तथा बैदेशिक रोजगारीमा रहेका छन् । नगरपालिका क्षेत्रमा उत्पादनशील उद्योग, निर्माण क्षेत्र, साहसिक पर्यटन, व्यापार, होटल तथा रेष्टुरेण्ट, सूचना तथा सञ्चार प्रविधि र कृषि तथा पशुपालन क्षेत्रमा रोजगारीका अवसरहरु रहेका छन् ।

यस नगरपालिकाका कुल घरधुरीमध्ये करिव १२ प्रतिशत परिवार ६ महिनाभन्दा कम अवधि मात्र आफनै उत्पादनमा निर्भर छन् । यस बाहेकको अवधिका लागि उनीहरु व्यापार, व्यवसाय, रोजगारी, ज्याला मदजुरी तथा अनौपचारिक क्षेत्रमा रोजगारीका लागि जानुपर्ने हुन्छ । यस नगरपालिका करिव ५ प्रतिशत बासिन्दामा गरिबीको अवस्था असाध्यै जोखिमपूर्ण रहेकाले नगरपालिकाको तर्फबाट विशेष नितिगत कार्यक्रमको आवश्यकता छ। समग्रमा, देशको गरिबीको रेखामुनि रहेको जनसंख्या घटेको भए तापनि शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबीचको खाडल अझै पनि उच्च रहेको देखिन्छ। गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्ध्रौ योजनाको लक्ष्य उद्देश्य तथा दिगो विकासका लक्ष्यको १७ लक्ष्यहरु मध्ये लक्ष्य नं १ मा गरिबीको अन्त्य अन्तर्गत सबै प्रकारका गरिबीलाई सबै ठाँउबाट अन्त्य गर्ने लक्ष्य रहेको हुँदा नेपाल सरकार तथा प्रदेश सरकारसँगै यस नगरपालिकाले पनि यी लक्ष्यहरुको प्राप्तिका लागि क्रियाशील रहेको छ ।

३समस्या तथा चनौति ७.२.

यस नगरपालिका क्षेत्रका युवाहरुमा पनि अन्तरदेशीय तथा वाह्य क्षेत्रको रोजगारीमा आकर्षण कायमै रहेको छ। युवा जनशक्ति विदेश पलायन हुने र स्थानीय उद्योग व्यवसाय अन्यत्रका श्रमिकमा भर पर्नुपर्ने विडम्बनापूर्ण अवस्था यहाँ रहेको छ ।

औद्योगिक तथा निर्माण क्षेत्रको मागअनुसार दक्ष श्रमिक स्थानीय बजारमा उपलब्ध नहुँदा विदेशी (भारतीय) कामदारमा भर पर्ने अवस्था रहेको छ। दक्ष जनशक्ति विकासका लागि रोजगारमूलक तालिम र नयाँ प्रविधिको अनुकूल हुने गरी क्षमता विकासका अवसरहरुमा कमी रहेको छ।

३सोच ७.३.

"रोजगारी प्रवद्र्धन मार्फत आर्थिक सवलीकरण"

३ ७.४. उद्देश्य

१. युवा जनशक्तिलाई बजार माग अनुरूपका सीपमा आधारभूत तालिम र क्षमता विकास गर्नु।
२. सरोकारवालासँगको सहकार्यमा स्थानीय श्रम बजारमा आवश्यक सीप, दक्षताको सम्बन्धी अध्ययन तथा श्रम बजारको व्यवस्थापन गर्नु।

३ ७.५. रणनीति

१. स्थानीय श्रम बजारलाई मर्यादित र दिगो बनाउन नीतिगत र संस्थागत सुधार गर्ने।
२. स्थानीय युवाहरूलाई श्रम बजारमा आकर्षित गर्न क्षमता विकास र जागरण अभियान सञ्चालन गर्ने।

३. स्थानीय क्षेत्रमा कार्यरत श्रमिकहरूको विस्तृत विवरण सहितको लगत तयारगरी नियमित अद्यावधिकगर्ने।३नतिजा सूचक ७.६. तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | २० | १९ | १४ | २० | २५ |
| कार्यक्रमबाट सिर्जित रोजगारी | कार्य दिन | ९७ | ८७ | १०० | १०० | १०० |
| युवा जनशक्तिको सीप अभिवृद्धि | जना | ५० | ८० | १५० | २५० | ४०० |

३ ७.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीयअनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २२८३२ | ६८५० | १५९८२ | ० | ० | २०१४६ | २६८६ | ० |
| २०८१/८२ | १६३५७ | ४९०७ | ११४५० | ० | ० | १३४०३ | २९५४ | ० |
| २०८२/८३ | १८०२१ | ५४०६ | १२६१४ | ० | ० | १४७७१ | ३२४९ | ० |

३ ७.८.कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **श्रम, रोजगारी र गरिबी निवारण** | | | | |
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | २२३०८ | जम्म २०० जना न्युन आय भएका विपन्न ब्यक्तिहरुलाई १०० दिनको रोजगार प्राप्त गरेका प्रदान गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | मुख्यमन्त्री रोजगार कार्यकम | रोजगारी सृजना गरि युवाहरुको आयआर्जनमा वृदी गर्नु | सालवसाली | ४४५५० | जम्म ३०० जना न्युन आय भएका विपन्न व्यक्तिहरुलाई १०० दिनको रोजगार प्राप्त गरेका प्रदान गर्ने । |
| ३ | रोजगार सेवा केन्द्रको रणनीतिक योजना एवं अन्य सालवसालि कार्यकम | रोजगार सेवा केन्द्रको रणनीतिक योजना एवं अन्य सालवसालि कार्यकम गर्नु । | सालवसाली | ८९१० | रोजगार सेवा केन्द्रको रणनीतिक योजना एवं अन्य सालवसालि कार्यकम गर्ने । |
| | जम्मा | | | ७५७६८ | |

३ जोखिम ७.९.पक्ष तथा अनुमान

नगरपालिका ले रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा गरेको हुनेछ। अनौपचारिक क्षेत्रको रोजगारको स्वरुप परिवर्तन हुदै जाने भएकोले तयार भएका दक्ष श्रमले बजार नपाउने जोखिम रहन सक्नेछ। गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। नगरपालिका मा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ। गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ।

# परिच्छेद ४ : सामाजिक विकास क्षेत्र

यस परिच्छेदमा स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उपक्षेत्रहरु समेटिएका छन् । प्रत्येक खण्डमा पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

४पृष्ठभूमि १.१.

शिक्षा नै मानव संशाधन विकासको आधार स्तम्भ हो। संविधानले शिक्षा सम्बन्धी हकको व्यवस्था गरी आधारभूत शिक्षालाई निशुल्क र अनिवार्य तथा माध्यमिक शिक्षालाई निशुल्क हुने व्यवस्था गरी स्थानीय तहको एकल अधिकार क्षेत्रमा समावेश गरेको छ । यस नगरपालिका को साक्षरता दर करिव ७१% (१५ वर्ष भन्दा माथिको उमेर समूहको रहेको छ, जसमा महिला ६३५ र पुरुष साक्षरता ७७५ देखिन्छ। वडागत रुपमा हेर्दा सबै भन्दा बढी वडा नं ५ मा ८४५ र कम वडा नं ३ मा ५४५ साक्षरता रहेको छ।
यस नगरपालिका मा सामुदायिक विद्यालय २६ र निजी विद्यालय एक गरी कुल २७ विद्यालय रहेका छन। विद्यार्थीको कुल सङ्ख्या ४०७४ रहेको छ जस मध्ये ३९१९ (९७ %) सरकारी विद्यालयमा र १५५ जना (३%) निजी विद्यालयमा अध्ययनरत छन । विद्यार्थीका लैङ्गिक अनुपात हेर्दा ५१% छात्रा र ४९% छात्र रहेको देखिन्छ। शिक्षक विद्यार्थीको अनुपात हेर्दा प्राथमिकमा प्रति शिक्षक १५ र माध्यमिक तहमा प्रति शिक्षक ३४ विद्यार्थी रहेको छ। विद्यार्थी भर्ना दर हेर्दा आधारभुत तहमा ९८५, माध्यमिकमा ७३५ र उच्च माध्यामिक तहमा ३६५ रहेको छ। विद्यालय छोड्ने अनुपात कक्षा ६ देखि ८ सम्म करिव ३५ र माध्यमिक तहमा २५ रहेको पाइन्छ।

४समस्या तथा चूनौति १.२.

विद्यालयका भौतिक पूर्वाधार कमजोर हुनु, अपाङ्ग मैत्री पूर्वाधार नहुनु, गुणस्तरीय शिक्षामा पहुँचमा कमी, प्राविधिक विद्यालय नहुनु, लक्षित समुहका वालवालिकाको विशेष शिक्षामा पहुँचको कमी, विद्यालयमा शैक्षिक सामग्रीको कमी, वाल विकास केन्द्र व्यबस्थीत नहुनु, शिक्षकहरूमा पेशागत दक्षतामा कमी हुनु, गणित, विज्ञान तथा अंग्रेजी शिक्षकको कमी, शिक्षक तालिमको कमी, शिक्षकहरूको स्थायीत्व फेरवदल भई रहने नहुनु), मातृ भाषामा शिक्षा नहुनु, छात्रा एवं अपाङ्गता मैत्री शौचालय न्यून हुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन।
समावेशी र गुणस्तरिय शिक्षाको पहुँचको सुनिश्चितता, कक्षा छाड्ने र दोहोर्‍याउने दर घटाउनु, प्राविधिक शिक्षा र विशेष शिक्षाको पहुँच बढाउनु, शैक्षिक पूर्वाधारको विकास, शिक्षण र सिकाई दरमा सुधार गर्नु, विषयगत शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गर्नु, गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु, दरबन्दी अनुशासार शिक्षक पदपूर्ति गर्नु, स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु, आदि यस क्षेत्रेका प्रमुख समस्या हुन्।

४सोच १.३.

"म बनाउछु मेरो विद्यालय मेरो सन्ततिका लागि "

४उद्देश्य १.४.

१. गुणस्तरीय शिक्षामा समतामूलक पहुँच स्थापित गर्नु।
२ विद्यालय शिक्षामा गुणस्तर अभिबृद्धि गर्नु। .
३ प्राविधिक शिक्षालाई सर्वसुलभ वनाई मध्यम तहको प्राविधिक जनशक्ति उत्पादन गर्नु। .
४ कक्षागत ज्ञान र सीपलाई उद्यमशिलता तथा र श्रम बजारसँग जोडी रोजगारी सिर्जना गर्नु। .

४रणनीति १.५.

१. आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने।
२. शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने।
३. शिक्षण सिकाई दर बढाउने।
४. प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गर्ने।
५. अनौपचारिक शिक्षा तथा जीवनोपयोगी शिक्षाको विस्तार गर्ने।

४न १.६.तिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ८५ | ९० | ९३ | ९५ | १०० |
| प्राथमिक तह खुद भर्ना | प्रतिशत | ९४ | ९६ | ९७ | ९९ | १०० |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | ८५ | ८८ | ९० | ९३ | ९५ |
| १५देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ |
| विद्युतमा पहुँच भएका विद्यालयहरू | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | प्रतिशत | ० | १२ | २५ | ५० | ७० |
| खानेपानी सरसफाइ स्वच्छता सेवा उपलब्ध विद्यालय | प्रतिशत | ६० | ८० | ८५ | ९५ | १०० |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | ८० | ८० | ८० | ८५ | ९० |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | १२ | २० | २५ | ३५ | ५० |
| प्राविधिक धार भएका विद्यालयको संख्या | संख्या | ० | ० | ० | ० | १ |

४ विषय क्षेत्रगत खर्च तथा १.७.स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १२९१७९ | १०९८०२ | १९३७७ | ० | ३४७६ | १२४६२९ | १०७४ | ० |
| २०८१/८२ | १६८४३० | १४३१६५ | २५२६४ | ० | ३८५४ | १६३३९४ | ११८२ | ० |
| २०८२/८३ | १८५५५७ | १५७७२३ | २७८३४ | ० | ४२७४ | १७९९८३ | १३०० | ० |

४कार्यक्रम १.८./आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **शिक्षा, कला, भाषा तथा साहित्य** | | | | |
| २० | राष्टपति शैक्षिक सुधार आयोजना | भौतिक पुर्वाधारको विकास मार्फत शिक्षामा गुणस्तर वृदि गर्ने । | सालबसाली | ४९५०० | थप कक्षा कोठा निर्माण तथा मर्मत भई सेवा प्रवाहमा सहज भएको हुनेछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | सामुदायिक विद्यालयमा अध्ययन रत बिद्यार्थिका लागि छात्रवृति कार्यक्रम | सामुदायिक विद्यालयमा अध्ययन रत बिद्यार्थिका लागि छात्रवृति कार्यक्रम गर्नु । | सालबसाली | १४१२१ | विद्यार्थीको शिक्षामा गुणस्तररीता कायम भई सिकाई उपलब्धीमा वृदी भएको हुने छ । |
| २२ | केन्द्रबाट छनौट भएका नमुना बिद्यालय तथा बिशेष बिद्यालयको भवन निर्माण तथा पुर्वाधार वयवस्थापन कार्यक्रम | केन्द्रबाट छनौट भएका नमुना बिद्यालय तथा बिशेष बिद्यालयको भवन निर्माण तथा पुर्वाधार वयवस्थापन कार्यक्रम गर्नु। | सालबसाली | २६४०० | केन्द्रबाट छनौट भएका नमुना बिद्यालय तथा बिशेष बिद्यालयको भवन निर्माण तथा पुर्वाधार वयवस्थापन कार्यक्रम संचालन हुनेछ । |
| २३ | प्रारम्भिक बाल विकास तह देखि माध्यमिक तह सम्मको सम्पुर्ण शैक्षिक कार्यक्रम | प्रारम्भिक बाल विकास तह देखि माध्यमिक तह सम्मको सम्पुर्ण शैक्षिक कार्यक्रम गर्नु । | सालबसाली | ३३०००० | शैक्षिक पहुच र गुणस्तरमा हालको अवस्थाबाट कम्तिमा १५ प्रतिशतले वृद्धि हुनेछ । |
| | | जम्मा | | ४२००२०.७ | |

४अनुमान तथा जोखिम १.९.

नगरपालिका बाट शिक्षा ऐन तथा नियमावली जारी एवम् समयानुकूल परिमार्जन भएको हुनेछ। शैक्षिक क्षेत्रमा पर्याप्त पूर्वाधार विकास, आवश्यक जनशक्ति व्यवस्था, क्षमता विकासका अवसरमा बृद्धि र नवीनतम प्रविधिको उपयोग भएको हुनेछ। शैक्षिक क्षेत्रमा लगानीको मात्रा प्रयाप्त बढाउनु पर्ने भएकोले राजनीतिक प्रतिवद्धता तथा यथेष्ट बजेट अभाव हुन सक्ने जोखिम देखिन्छ।

## ४.२ स्वास्थ्य तथा पोषण

४पृष्ठभूमि २.१.

स्वस्थ जीवन मानव विकास सूचकाङ्कको महत्वपूर्ण आधार हो। संविधानले पनि आधारभूत स्वास्थ्यलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ। यस पालिकामा ३ वटा स्वास्थ्य केन्द्र ६ वटा आधारभुत स्वास्थ्य केन्द्र र २वटा सामुदायिक स्वास्थ्य केन्द्रहरु स्थापना गरि स्वास्थ्य सेवाहरुलाईअझ सुलभ र सहज बनाईएको छ। साथै नगरबासीको स्वास्थ्यक्षेत्र बिशेष सुधार ल्याउन MBBS DR सहितका सेवा र स्त्री रोग बिशेषज्ञ सेवा प्रवाह भईरहेको कुल स्वास्थ्यकर्मीको ३३ दरबन्दीमा ३६ जना कार्यरत छन जसमा ६ जना हेल्थ असिस्टेन्ट र २८ जना अन्य स्वास्थ्यकर्मी कार्यरत छन्।
बिरामी पर्दा स्वास्थ्य संस्थामा जाने व्यक्ति ८० प्रतिशत रहेको, ५२ प्रतिशत महिलाहरू स्वास्थ्य संस्थामा सुत्केरी हुने गरेको पाइन्छ। यसै गरी परिवार नियोजनको साधन प्रयोग दर ४१ प्रतिशत, झाडा पाखालाको संक्रमण प्रतिहजार ५४ जना, ३६३ जनामा श्वास प्रश्वास संक्रमण रहेको देखिन्छ। यस नगरपालिकामा १९ ओटा खोप केन्द्रहरू रहेका र पूर्ण खोप लिने बालबालिका ९५ प्रतिशत रहेका छन। यस गरपालिकामा भिटामिन ए प्राप्त गर्ने बालबालिका ७५ प्रतिशत, बाल कुपोषणको दर ३० प्रतिशत रहेका छन। कुल स्वास्थ्यकर्मी २८ जना कार्यरत छन भने ७ जना को दरबन्दी रहेको मध्ये जम्मा ६ जना हेल्थ असिस्टेन्टहरू कार्यरत छन्। समग्रमा हेर्दा यस क्षेत्रमा स्वास्थ्य तथा पोषणको क्षेत्रमा गुणत्मक सुधार हुँदै गएको छ।

४ समस्या तथा २.२.चूनौति

सबै स्वास्थ्य संस्थामा प्रसुति केन्द्र (birthing center) को अभावले प्रसुति सेवामा कठिनाई, सरुवा रोगको प्रकोप बढ्दै जानु, खोप कार्यक्रम प्रभावकारी नहुनु, अस्पतालको अभावले रोग निदानमा समस्या, पाठे घरजन्य समस्या, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव, निशुल्क तथा अत्यावश्यक औषधीको पर्याप्त मात्रामा सर्वयाम उपलब्ध नहुनु। Cold Chain Maintain गर्ने सुविधा नहुनु, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य चौकीको पहुँचमा

कमी, कुपोषण, श्वास प्रश्वास जन्य स्वास्थ्य समस्या रहनु, स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन।

पूर्ण खोपको कार्यान्वयन गर्नु, स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउनु, सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु, निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि सर्वयाम उपलब्ध गराउनु, स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधा यूक्त औजार)/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार (पुर्‍याउनु, स्वास्थ्य वीमालाई सबै नागरिकको दायरामा पुर्‍याउनु, जडिवुट्टीमा आधारित तथा स्थानीय उपचार प्रणालीलाई स्वास्थ्य संस्थाको दायरामा ल्याई व्यवस्थित, गुणस्तरीय बनाउनु, खाद्य सेचतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्नु, प्रवर्धनात्मक तथा निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन।

४सो २.३.च

“सक्षम स्वास्थ्य सेवा, खुशी रास्कोटवासी”

४उद्देश्य २.४.

१. गुणस्तरीय स्वास्थ्य सेवा तथा पोषणलाई सबैको पहुँचमा पुर्याउनु,
२. सबै वडाहरूबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा र तोकिएका संस्थाहरूबाट आकस्मिक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गर्नु।
३. सम्भावित स्वास्थ्य विपद्को पहिचान गरी पूर्वतयारी, न्यूनीकरण र व्यवस्थापनका लागि संयन्त्र र पूर्वाधार तयार गर्नु।
४. मेयर हेल्थ केयर कार्यक्रमबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा को व्यवस्था गर्नु।

४रणनीति २.५.

१. आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित गर्ने।
२. रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउने।
३. वैकल्पीक स्वास्थ्य सेवाको प्रवद्र्धन गर्ने।
४. स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि गर्ने।

४ २.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| प्रति एकलाख जीवित जन्ममा मातृ मृत्युदर | जना | ० | ९१ | ७० | ६० | ५० |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| पाँचवर्ष मुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नवजात शिशुको मृत्युदर (प्रतिहजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नयाँ एचआईभी संक्रमितहरूको संख्या (प्रतिलाख) | जना | ६ | ७ | ६ | ६ | ५ |
| क्षयरोग लाग्ने दर (प्रतिलाखमा) | जना | १०२ | ७७ | ६० | ५० | ४० |
| वार्षिक रुपमा आत्महत्याबाट हुने मृत्यु | जना | १३ | १८ | १० | ८ | ५ |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर)का महिलाको अनुपात | अनुपात | २५ | ३५ | ४४ | ४५ | ५० |
| मापदण्डअनुसार चार पटक प्रसवपूर्व स्वास्थ्य÷सेवा प्राप्त गर्ने महिला(जीवित जन्ममा) | प्रतिशत | ५२ | ८३ | ८५ | ९० | ९५ |
| हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | प्रतिशत | ९१ | १०० | १०० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उच्च रक्तचापको औषधि सेवन गर्ने १५ वर्ष माथिको जनसंख्या | प्रतिशत | ० | ० | ० | ० | ० |
| घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | ९० | ९० | ९२ | ९५ | ९८ |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | ३० | ५४ | ६० | ६५ | ७० |
| राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरीएका सबै खोप प्राप्तगर्ने लक्षित जनसंख्याको अनुपात | प्रतिशत | ९१ | १०० | १०० | १०० | १०० |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | ९ | ९.६ | १० | १० | १२ |

४ २.७. क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान विषय

| आर्थिक वर्ष | बजेट अनुमान | | | | |
|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | |
| २०८०/८१ | ८९४१२ | ७१५३० | १७८८२ | ० | |
| २०८१/८२ | ३७००९ | २९६०७ | ७४०२ | ० | |
| २०८२/८३ | ४०७७२ | ३२६१७ | ८१५४ | ० | |

४ २.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **स्वास्थ्य तथा पोषण** | | | | |
| २४ | बहु क्षेत्री पोषण कार्यकम | बहु क्षेत्री पोषण कार्यकम अन्तरगतका बिभिन्न कार्यकम संचालन गर्नु । | सालवसाली | १६५०० | बहु क्षेत्री पोषण कार्यकम अन्तरगतका बिभिन्न कार्यकम पुर्णरुपमा संचालन भएका हुनेछन्। |
| २५ | परिवार कल्याण कार्यकम | परिवार कल्याण कार्यकम गर्नु । | सालबसाली | १७९६० | परिवार कल्याण कार्यकमा २० प्रतिशत महिलाहरुको पहुँच भएको हुनेछ । |
| २६ | महामारी रोग नियन्त्रण एवं उपचारात्मक सेवा कार्यकम | महामारी रोग नियन्त्रण एवं उपचारात्मक सेवा कार्यकम गर्नु । | सालबसाली | ९९०० | महामारी रोग नियन्त्रण एवं उपचारात्मक सेवा कार्यकम नगरपालिका भरीमा प्रभावकारी रुपमा संचालन भएको हुनेछ । |
| २७ | आर्योबेद सेवा कार्यकम | आर्योबेद सेवा कार्यकम गर्नु । | सालबसाली | ३९६० | आर्योबेद सेवा अन्तरगत बिभिन्न सेवा संचालनमा नागरिकहरुको पहुँच पुगेको हुनेछ । |
| २८ | स्वास्थ्य सुधार कार्यकम | पालिका अन्तरगत १५ शैया अस्पतालको सृजित दायित्व भुक्तानी गर्ने । | सालबसाली | ४६८६० | पालिका अन्तरगत १५ शैया अस्पताल निर्माण सम्पन्न भएको हुनेछ । |
| २९ | स्थानीय सम्पुर्ण स्वास्थ्य संस्था अस्पताल तथा आर्योबेद औषधालय का सम्पुर्ण कर्मचारीमा हुने सालबसाली खर्च र अन्य रणनीति कार्यकम | यस नगरपालिका सम्पुर्ण जनतालाई गुर्ण सतरिय रुपमा नियमित स्वास्थ्य सेवा प्रदान गर्नु | सालबसाली | १९८००० | नगरपालिकाका सम्पुर्ण जनतालाई गुर्ण सतरिय रुपमा नियमित स्वास्थ्य सेवा प्रदान गर्नु |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | २९२३८० | |

४जोखिम पक्ष तथा अनुमान २.९.

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन पुर्वाधार तथा भौतिक संरचना सवलीकरण भएको हुनेछ । दक्ष मानवीय श्रोत परिचालन भई सेवा विस्तार भएको हुनेछ ।
स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधि र खोप व्यवस्थापन जस्ता प्राविधिक पक्षमा सरोकारवालाबीच सहकार्य र साझेदारी हुन नसकेमा महामारीले जनस्वास्थ्य तथा नगरपालिका बासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्नसक्ने जोखिम रहन सक्दछ ।

## ४.३ खानेपानी तथा सरसरफाई

४ ३.१.पृष्ठभूमि

रास्कोट नगरपालिका क्षेत्रमा खानेपानी तथा सरसफाईको क्षेत्रमा उल्लेख्य पहल भएको छ । खानेपानी तथा सरसफाइ मानव जीवनयापनको अत्यावश्यक आधार हो । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राखेको छ । रास्कोट नगरपालिकामा ५७ प्रतिशत नागरिकहरुलाई खानेपानीको सुविधा पुगेको छ । जस मध्ये ८४ प्रतिशतलाई सार्वजनिक धारा मार्फत खानेपानी सुविधा प्राप्त छ, भने १३ प्रतिशतले निजि धारा मार्फत खानेपानीको सुविधा प्राप्त गरेका छन ।
सरसफाइ तर्फ ९० प्रतिशत घरमा चर्पीको व्यवस्था भएको जसमध्ये ८७ प्रतिशत सेफ्टी ट्याङ्की सहित, २ प्रतिशत ढल सहितको र बाँकी १ प्रतिशत खाल्डो चर्पी रहेको छ । बाढिपहिरो बाट प्रभावीत  भई पुन स्स्थापन भएका र नगरका क्षेत्रमा खानेपानीको सुविधा नभएको अवस्था छ । खानेपानीको मुहान देखि मुखसम्मको परिक्षण तथा शुद्धीकरणका कार्यहरु भने हुन सकेको छैन । ब्यवसायीक प्रयोजनमा प्रोसेसिंग गरिएको छ ।  नगरपालिकामा मानव सिर्जित फोहोर मैला घरघरमा नै ट्यांकी बनाएर परम्परागत रुपमा जलाउने वा कुहाएर जैविक मलको रुपमा परिणत गरी उपयोग गर्ने अभ्यास रहेको छ ।

४समस्या तथा चूनौति ३.२.

खानेपानी तथा सरसफाईको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल भएता पनि स्वच्छ खानेपानीमा सबैको सहज पहुँच तथा सरसफाईको क्षेत्रमा व्यवहारजन्य कमजोरीहरू सुधार हुनु आवश्यक देखिन्छ । प्राकृतिक एवम् मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरूमा ह्रास आई खानेपानीको उपलब्धतामा कमी आउनु, जनचेतनाको कमि हुनु, खानेपानी वितरण मापदण्ड अनुसार नहुनु, स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानी जन्य रोगहरू वढ्नु, भूकम्पको कारण खानेपानी तथा सरसफाइका संमरचनाहरू क्षति ग्रस्त हुनु, व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु तथा स्वच्छ खानेपानीको माग बढ्दै जानु, खानेपानी तथा सरसफाई सम्बन्धी लक्ष्य हासिल गर्न पर्याप्त बजेट र कार्यक्रम तर्जुमा गर्न नसक्नु खानेपानी सरसफाई क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।
'एक घर एक धारा र एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन गर्नु, स्वच्छ पानीको वितरण गर्नु, खानेपानीका मूहानको संरक्षण गर्नु, खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु, भूकम्पबाट क्षतिग्रस्त संरचनाहरूको पूनर्निर्माण र पूनरुस्थापन गर्नु, सरसफाइको अभ्यास वढाउनु आदि प्रमुख चुनौती हुन ।

४सोच ३.३.

"स्वच्छ सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाई सुविधा"

४उद्देश्य ३.४.

१. नगरपालिकामा स्वच्छ खानेपानीमा सहज पहुँच, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गर्नु ।
२. नगरपालिकाको ढल निकास प्रणाली विकास गर्नु ।

४रणनीति ३.५.

१. घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने ।
२. सबै घरमा चर्पीको  व्यवस्था गर्नुका साथै सरसफाइको अभ्यास वढाउने ।
३. सवै वडाहरूमा खानेपानीको स्रोत तथा मुलहरूको पहिचान गरी संरक्षण र व्यवस्थापन गर्ने ।

४. नगरपालिकाको ढल निकास प्रणाली र ढल प्रशोधन केन्द्र निर्माणका लागि अन्य सरोकारवाला निकायहरूसँग समन्वयमा काम गर्ने।

४ ३.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ७० | ८० | ८५ | ९० | ९५ |
| पक्की शौचालय भएका परिपरिवार | प्रतिशत | ८५ | ९२ | ९४ | ९६ | ९८ |
| गुणस्तर परिक्षण गरिएको खानेपानी प्रयोग गर्ने परिवार | प्रतिशत | ५० | ५५ | ६० | ७५ | ९० |
| सार्वजनिक शौचालय | संख्या | ० | ० | ० | १ | ० |
| नगरपालिका बाट नियमित फोहर संकलन हुने घरपरिवार | प्रतिशत | ६० | ६५ | ७० | ८० | ८५ |

४विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ३.७.

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५९६२५ | ११९२५ | ४७७०० | ० | ० | ५९६२५ | ० | ० |
| २०८१/८२ | ३५२१९ | ७०४४ | २८१७६ | ० | ० | ३५२१९ | ० | ० |
| २०८२/८३ | ३८८०१ | ७७६० | ३१०४१ | ० | ० | ३८८०१ | ० | ० |

४ ३.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **खानेपानी तथा सरसरफाई** | | | | |
| ३० | रास्कोट बृहत खानेपानी | रास्कोट सदरमुख काममा खानेपानी सुबिधा पुऱ्याउने। | सालबसाली | ६५३४० | नगरपालिकामा ५०० वटा धारा निर्माण भई सुरक्षित खानेपानी उपलब्ध भएको हुने छ। |
| ३१ | एक घर एक खानेपानी धारा निर्माण आयोजना | रास्कोटका प्रत्येक घर घरमा खानेपानी धारा सुबिधा पुऱ्याउने। | सालबसाली | १३२००० | ७०० घरपरिवारमा थप धारा निर्माण भई स्वच्छ खानेपानीमा पहुँच वृदी भएको हुने छ। |
| ३२ | स्च्छता सम्बन्धि कार्यक्रम | स्च्छता सम्बन्धि कार्यक्रम गर्नु | सालबसाली | ३३०० | आधारभुत स्वच्छता एवं सरसफाईमा ५० प्रतिशत नागरीको पहुँच भएो हुनेछ। |
| | जम्मा | | जम्मा | १९७३४० | |

४जोखिम पक्ष तथा अनुमान ३.९.

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मतसंभार र स्तरोन्नति भएमा खानेपानीको सेवा प्रवाहमा विस्तार तथा गुणस्तरमा सुधार आउने देखिन्छ। सुख्खा खडेरी जस्ता जलवायु परिवर्तबाट खानेपानीको स्रोत सुक्न सक्ने तथा फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण नियन्त्रण आदि बहुक्षेत्रगत विषय भएकोले खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

४पृष्ठभूमि ४.१.

रास्कोट नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा समानुपातिक समावेशी र न्यायोचित वातावरण तयार गर्ने उद्देश्यका साथ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अभ्यासलाइ निरन्तरता दिइरहेको छ। नगरपालिकाको नीति कार्यक्रममा महिला बालबालिका तथा लक्षित बर्गलाइ उच्च प्राथमिकतामा राखिएको छ साथै लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा नगरपालिकाले छुट्ट्याइएको बजेट प्रतिशतको विश्लेषण गर्ने अभ्यासको सुरुवात गरिएको छ। सबै लिङ्ग, वर्ग र समूहको सहभागिता र अपनत्व वोध सहितको समावेशीताले राज्य प्रणालीलाई सुदृढ गर्नुका साथै समृद्धिको आकांक्षा परिपूर्ति गर्न ठुलो मद्दत गर्दछ। संविधानले वर्गीय, जातिय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ।
यस नगरपालिकामा जम्मा १७४२५ जनसंख्या मध्ये महिला ८८८१ रहेको छ। यसै गरी दलितको ४.९१ प्रतिशत र जनजातिको ९४.९२ प्रतिशत, बालबालिकाको (०–१५) २९.८७ प्रतिशत, जेष्ठ नागरिक १०.७७ प्रतिशत, १.७ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन। नगरपालिकाको साक्षरता दर ७१ प्रतिशत रहेकोमा महिला साक्षरता ३५ प्रतिशत रहेको छ। नगरकार्यपालिकामा जम्मा १ प्रतिनिधिहरू मध्ये महिलाको संख्या ५ जना रहेका छन। यसै गरी नगरसभामा ३७ निर्वाचित प्रतिनिधि मध्ये ७ जना दलित समुदाय र ७ जनजाति समुदायका महिला गरी १४ जना रहेका छन, जुन कुल संख्याको ३५.९ प्रतिशत हुन आउँदछ।

४ ४.२. समस्या तथा चूनौति

शिक्षा, स्वास्थ्य लगायत सेवामा महिलाको पहुँचमा कमी, महिला नेतृत्व विकासको कमी, महिलाको भूमिका औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु महिला लक्षित कार्यक्रमको कमी, महिला, अपाङ्गता तथा वालमैत्री पूर्वाधारको कमी, अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन्।
महिला तथा वञ्चितिमा परेका वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, नगरपालिका भित्रका समिति, उपसमिति, उपभोक्ता समितिहरू, सामुदायिक संस्था तथा लाभग्राही मुखी संस्थाहरूमा यस वर्ग र समूदायको प्रतिनिधित्व, अर्थपूर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु, वाल मैत्री स्थानीय शासन स्थापना गर्नु, अपाङ्ग र जेष्ठ नागरिक मैत्री पूर्वाधारको विकास गर्नु, आर्थिक तथा सामाजिक जिवनमा लैङ्गिक समानता कायम गर्नु, पारिवारिक र सामाजिक मूल्य मान्यता तथा लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, ग्रामीण महिलाको जीवन स्तरमा सुधार ल्याउनु, महिला माथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु आदि प्रमुख चुनौती रहेका छन्।

४सोच ४.३.

"लैङ्गिक समानता र सामाजिक समावेशीकरणको प्रत्याभूति सहितको विकास"

४उद्देश्य ४.४.

१ .नगरपालिकालाई महिला, बालबालिका, विपन्न, दलित, जनजाति, सिमान्तकृत बर्ग, ज्येष्ठ नागरिक एवम् अपांगतामैत्री प्रावधानहरू सुनिश्चित गर्दै सबै प्रकारका भौतिक पूर्वाधार संरचनाहरू तथा नीतिगत संरचनाहरूमा समावेशी नीति तयार गरी लागू गर्नु।
२महिला ., बालबालिका, विपन्न, दलित, जनजाति, सिमान्तकृत बर्ग, ज्येष्ठ नागरिक एवम् अपांगता भएका व्यक्तिहरूको आर्थिक सामाजिक अधिकार सुनिश्चित गर्दै सम्मानित जीवन यापनको आधार तयार गर्नु।
३विभेद ., हिंसा तथा कुप्रथाहरुको अन्त्य गर्नु।

४रणनीति ४.५.

१महिलाहरूलाई सामाजिका आर्थिक विकासमा मूल प्रवाहीकर .ण गर्ने,

२समूदायको सशक्तीकरण गरी विकास प्रक्रियामा सहभागिता वढाउने वञ्चितीकरण र भेदभावमा परेका वर्ग र .,
३बालबालिका ., किशोर किशोरीको श्रृजनशील्ताको विकास गर्ने,
४अपाङ्गता भएका व्यक्तिको संरक्षण ., क्षमता विकास गरी अवसरमा पहुँच वढाउने,
५जेष्ठ नागरिकको सं .रक्षण गर्दै सम्मानपूर्ण जीवनको अनुभूति दिलाउने,

४नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ६ .४.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| वार्षिक रूपमा घरेलु हिंसाअन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | x | x | ० | ० | ० |
| नगरपालिका भित्र रहेका सडक बालबालिका | संख्या | x | x | ० | ० | ० |
| बाल यौनहिंसामा परेका बालिका | संख्या | x | x | ० | ० | ० |
| नगरपालिका भित्र रहेका बालगृह | संख्या | ० | ० | ३ | ३ | ५ |
| यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला र किशोरी | प्रतिशत | २७ | १३ | ९ | ७ | ५ |
| बेचविखनमा परेका महिला, किशोरी तथा बालिकाहरू | संख्या | x | x | ० | ० | ० |
| नगरसभामा महिला सहभागिता | प्रतिशत | ३८ | ४५ | ४५ | ४५ | ४५ |
| नगरकार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ३५ | ३८ | ३८ | ३८ | ३८ |
| व्यवस्थापकीय पदहरूमा महिलाको अनुपात | अनुपात | १७ | १७ | २० | २५ | ३० |
| नगरपालिका स्तरीय संघ÷महासंघमा महिलाको सहभागिता | प्रतिशत | ३० | ३५ | ३८ | ४० | ४५ |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | २५ | २५ | ३० | ३५ | ४० |
| नगरपालिका ले गठनगरेका संरचनाहरु (महिला, बाल, अपांगता जेष्ठ नागरिक) | संख्या | १४ | १४ | ३० | ३४ | ४० |

४ ४.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १००८ | ९०७ | १०१ | ० | ० | ४७१ | ५३७ | ० |
| २०८१/८२ | ७६६८ | ६९०१ | ७६७ | ० | ० | ७०७७ | ५९१ | ० |
| २०८२/८३ | ८४४७ | ७६०२ | ८४५ | ० | ० | ७७९७ | ६५० | ० |

४कार्यक्रम ४.८./आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३ | नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यक्रम | नर्सिङ्ग तथा सामाजिक सुरक्षा कार्यकम गर्नु । | सालवसाली | २३१० | राष्ट्रिय महिला स्वास्थ्य स्वयम सेबिका कार्यकम प्रभावकारी रुपमा संचालन गरिनेछ । |
| ३४ | सामाजिक संरण तथा लैगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यकम | सामाजिक संरण तथा लैगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यकम गर्नु । | सालवसाली | ३३० | अपाङ्गता भएका व्यक्तिले अपाङ्गताको परिचय पत्र पाइ सामाजिक सुरक्षा कार्यक्रममा समावेश भएका हुनेछन् । |
| ३५ | बालबालिका र किशोकिशोरी तथा वालमैत्री स्थानीय शासन कार्यकम | बाल बचाऊ, संरक्षण, विकास र सहभागितामा अभिवृद्धि गर्नु | सालवसाली | ३३० | बार्षिक ३०८ जना बालबालिका प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ३६ | लैङ्गिक हिंसा पिडितहरुका लागी दिर्घकालिन पुर्नस्थापन केन्द्रको व्यवस्थापन | हिंसामा परेको महिला र पुरुषहरुलाई पुर्नस्थापन केन्द्रमा व्यवस्थापन गरेर विभिन्न सिप सिकाई आत्मनिर्भर बनाउने । | सालवसाली | ३३० | विभिन्न हिंसावाट पिडित महिलाहरुलाई सिपसिकाई आत्मनिर्भर भएका हुनेछन । |
| ३७ | महिला सशक्तिकरण कार्यक्रम | महिलाहरुको आर्थिक र सामाजिक ससक्तिकरणमा सहयोग पुर्याउनु | सालवसाली | ६६० | बार्षिक ५०० जना महिला लाभान्वित हुनेछन् र महिलाले प्रवर्द्धन गरेका ४ ओटा महिला सहकारी संस्थाको प्रत्यक्ष लाभान्वित हुनेछन्। |
| | जम्मा | | | ३९६० | |

४जोखिम पक्ष तथा अनुमान ४.९.

महिला बालबालिका तथा लक्षितबर्गका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरी व्यवहारिक कार्यक्रम लागू भएको हुनेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रम दीर्घकालीन रुपमा हरेक क्षेत्रसँग अन्तरसम्बन्धित रही कार्यान्वयन गर्नुपर्ने भएकोले सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा प्रतिवद्धता नभएमा अपेक्षित नतिजा प्राप्त गर्न कठिन हुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभुमी

उत्पादनशील युवा मुलुकको विकासका संवाहक हुन । यसै गरी खेलकुद शारीरिक तथा मानशिक विकासको महत्वपूर्ण माध्यम हो । नगरपालिका मा १६ देखि ४० बर्ष उमेर समूहको जनसंख्या ८,०३७ (४२.९२%) रहेको छ । यसै गरी १६ देखि ३० बर्ष उमेर समूहको जनसंख्या ५६५७ (३०.२%) रहेको छ । करिव ७.६ प्रतिशत युवाहरू वैदेशिक रोजगारमा संलग्न देखिन्छन । करिव २३ प्रतिशत युवा नोकरी मजदुरीमा संलग्न, करिव ४ प्रतिशतले उद्योग व्यवसायमा रोजगारी गर्ने गरेको देखिन्छ । युवा सञ्जाल ७ वटा, नगरपालिका स्तरीय खेलकुद मैदान २ वटा रहनुका साथै वार्षिक एक पटक नगरपालिका स्तरीय खेलकुदको आयोजना हुने गरेको छ । विद्यमान युवा जनशक्तिलाई प्राविधिक जनशक्ति, सूचना प्रविधि जस्ता क्षेत्रसँग जोडेर आर्थिक विकास र सामाजिक रूपान्तरणको संवाहकका रूपमा स्थापित गर्ने अवसर नगरपालिका सँग रहेको देखिन्छ ।

४समस्या तथा चूनौति ५.२.

युवा शक्तिको उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसकिनु, युवा पलायन, खेलकुदको विकासका लागि पूर्वाधारको कमी, व्यावसायिक खेलकुदको कमी, खेलकुद प्रशिक्षणको कमी, क्लव तथा खेलकुद सँग सम्बन्धित संस्थाको आयस्रोतमा कमी, युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

युवा क्षमताको विकास गर्नु, युवा प्रतिभा पलायन रोक्नु, युवामा सकारात्मक सोचको निर्माण नहुनु, स्थानीय स्तरमा सृजना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउनु, युवालाई खेलकुद प्रति प्रोत्साहित गराउनु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, व्यावसायिक खेलकुदको विकास गर्नु, खेलकुद प्रतियोगिता आयोजना गर्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन।

४ ५.३. सोच

“व्यवसायिक तथा स्वरोजगार युवा मार्फत सर्वाङ्गिण विकास”

४ ५.४. उद्देश्य

१. युवालाई उद्यमशील, सृजनशील र जिम्मेवार नागरिक बन्ने वातावरण निर्माण गर्नु।
२. खेलकुदको विकास गर्नु,
३. युवा जनशक्तिलाई प्राविधिक शिक्षातर्फ आकर्षण गर्नु।

४ ५.५. रणनीति

१. युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने,
२. खेलकुद पूर्वाधारको विकास गर्ने,
२. खेल लगायत वौद्धिक कृयाकलापमा युवा सहभागिता बृद्धि गर्ने।
३. युवाहरूमा सिर्जनशीलता, उद्यमशीलता र नेतृत्व विकासकालागि नियमित कार्यक्रम सञ्चालन गर्ने।

४५.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | ७० | ६० | ५० | ४० | ३० |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्क (वार्षिक) | संख्या | ० | ० | १०० | २५० | ४०० |
| सक्रिय युवा परिषद तथा युवा संजाल | संख्या | ७ | ७ | ८ | ८ | ८ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | १ | १ | २ | २ | २ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | २०० | २५० | ४०० | ५०० | ७०० |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | पटक | १ | १ | २ | २ | २ |

४त्रिवर्षीय अनुमान विषय क्षेत्रगत खर्च तथा स्रोतको ५.७.

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **युवा तथा खेलकुद** | | | | |
| ३८ | खेलकुद पुर्वाधार निर्माण र राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता कार्यक्रम | खेलकुद पुर्वाधार निर्माण र राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता कार्यक्रम गर्नु। | सालबसाली | ५२९६ | युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ। |
| ३९ | अन्य युवा तथा खेलकुद कार्यक्रम | अन्य युवा तथा खेलकुद कार्यक्रम गर्नु। | सालबसाली | ७९४४ | युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ। |
| | जम्मा | | | १३२४० | |

४ ५.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | **युवा तथा खेलकुद** | | | | |
| ३८ | खेलकुद पुर्वाधार निर्माण र राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता कार्यक्रम | खेलकुद पुर्वाधार निर्माण र राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता कार्यक्रम गर्नु । | सालबसाली | ५२९६ | युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ । |
| ३९ | अन्य युवा तथा खेलकुद कार्यक्रम | अन्य युवा तथा खेलकुद कार्यक्रम गर्नु । | सालबसाली | ७९४४ | युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ । |
| | जम्मा | | | १३२४० | |

४ ५.९. जोखिम पक्ष तथा अनुमान

युवाहरुलाई प्राविधिक शिक्षा बारे जानकारी, खेलकुद तथा बौद्धिक कृयाकलाप सम्बन्धी कार्यक्रम मार्फत उनीहरुको श्रृजनशिलता तथा उद्यमशिलता प्रति आकर्षण बढेको हुनेछ । तर बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित जनशक्ति व्यवस्थापन र युवाहरुलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ ।

# परिच्छेद ५ : पूर्वाधार विकास क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार तथा विद्युतीय सुशासन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन तथा शहरी विकास

५ १.१. पृष्ठभूमि

नेपालका अन्य स्थानीय तहमा जस्तै रास्कोट नगरपालिकामा पनि सडक सञ्जालको विस्तारसँगै कृषियोग्य भूमि घट्ने र उद्योग तथा भवन निर्माण बढेर बजार विस्तार हुँदै आएको देखिन्छ । नगरपालिकाले बस्ती विकास मापदण्ड मार्फत् यहाँको मुख्य व्यापारिक केन्द्रका साथै अन्य भू–उपयोग व्यवस्थित गर्ने प्रयास गरेको भएता पनि पर्याप्त छैन । नेपाल सरकारले नयाँ मापदण्ड जारीगरेपछि नगरपालिकाले पनि भवन तथा पुर्वाधारको मापदण्ड अनुसारको नक्सापास तयार गरी सोही अनुसार स्विकृति दिने गरेको छ ।

आवास मानव जीवनको आधारभूत आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐनले संघीय तथा प्रदेश कानूनको अधीनमा रही सुरक्षित बस्ती विकास र भवन निर्माण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकन गर्ने तथा सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ ।

यस नगरपालिकामा ३००६घरपरिवार मध्ये १०५ परिवारको आफ्नो घर नभएको, घरको वनावटको आधारमा हेर्दा ९० प्रतिशत माटोवाट, १० प्रतिशत सिमेण्ट जडित आदिबाट निर्माण भएको देखिन्छ । घरको छानाको आधारमा हर्दा ९० प्रतिशत जस्ता,८ प्रतिशत आर.सी.सी तथा ढुङ्गा, २ प्रतिशत. बाँकी खर तथा माटोको छाना भएको देखिन्छ । १३५ वटा नमुना बस्तिमा नमुना घर भूकम्प प्रतिरोधी मापदण्ड अनुसार निर्माण भएको देखिन्छ । सडक वरपर र शहरोन्मुख क्षेत्रहरूमा आधुनिक (सिमेन्ट, कंक्रिट निर्मित) घरहरूको बाहुल्य देखिन्छ भने ग्रामीण क्षेत्रहरूमा काठ, ढुङ्गा, माटोका घर निर्माणको प्रचलन कायमै रहेको छ ।

५ १.२. समस्या तथा चूनौति

नगरपालिका तथा वडा कार्यालयहरूको आफ्नो भवन नभएको, भवन आचार संहिता लागु नभएको, असुरक्षित तथा जोखिमयुक्त स्थानमा वस्तीहरू भएको, व्यवस्थित वस्ती विकास नभएको, नयाँ वस्ती निर्माण गर्दा मौलिकपना लोप हुँदै गएको आदि प्रमुख समस्या हुन ।

जोखिम युक्त क्षेत्रको बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नु, भूकम्पबाट क्षति ग्रस्त सम्रचनाको पूनरुथापन सम्पन्न गर्नु, वाल र महिला मैत्री भौतिक सामाजिक सम्रचनाहरू निर्माण गर्नु, भवन आचार संहिता लागु गर्नु, नयां भवन निर्माणमा मौलिकपना कायम राख्नु आदि प्रमुख चुनौतीका रुपमा रहेका छन ।

५ १.३. सोच

"भू उपयोग योजना सहितको दिगो पुर्वाधार, नगरपालिकावासीको जीवनस्तरमा सुधार"

५.१. ४ उद्देश्य

१. विद्यमान भवन निर्माण मापदण्डलाई समयसापेक्ष परिमार्जन तथा त्यसको कार्यान्वयन गरी भवन निर्माण तथा बस्ती विकासलाई व्यवस्थित तथा सुरक्षित गर्नु ।
२. सडक, ढल, पार्क, मनोरञ्जल स्थल जस्ता आधारभूत शहरी पूर्वाधारहरुको ब्यवस्थापन गर्नु ।

५रणनीति १.५.

१. न्यूनतम पूर्वाधार सहितको एकीकृत वस्ती विकास गर्ने,
२. सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने,
३. भू–उपयोग नीति तथा योजनाको कार्यान्वयन गर्नु ।
४. व्यवसायिक तथा आवासीय भौतिक संरचना र पूर्वाधार निर्माणमा विपद् जोखिम प्रतिरोधात्मक उपाय अवलम्बन प्रोत्साहन गर्नु

५. भवन, आवास तथा बस्ती विकास मापदण्डलाई कार्यान्वयन तहमा पुर्‍याई व्यवस्थित बस्ती विकासको सहज वातावरण तयार गर्नु।

५ १.६. मकालीन लक्ष्यनतिजा सूचक तथा मध्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रबिधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | ६० | ७५ | ८० | ८२ | ८५ |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ८५ | ९० | १०० | १०० | १०० |
| लैङ्गिकमैत्री तथा अपांगमैत्री सार्वजनिक भवनहरु | प्रतिशत | ५० | ५५ | ७५ | ८० | ८२ |

५ १.७. विषय क्षेत्रगत खर्च तथास्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ३९७६७ | ३९७७ | ३५७९० | ० | ० | ३७०८१ | २६८६ | ० |
| २०८१/८२ | २६३२५ | २६३३ | २३६९३ | ० | ० | २३३७१ | २९५४ | ० |
| २०८२/८३ | २९००२ | २९०० | २६१०२ | ० | ० | २५७५३ | ३२४९ | ० |

५कार्यक्रम १.८./आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४० | नागरिक सुरक्षित आवास कार्यक्रम | जोखीममा रहेका समुदायहरुलाई सुरक्षित स्थानमा स्थान्तरण गर्ने | सालबसाली | ६२७० | सुरक्षित बस्ती विस्तार भई सहज जिवनयापन का लागी सुरक्षित आवासको ब्यस्था भएको हुने छ। |
| ४१ | वस्ती विकास, आवास, भवन तथा शहरी विकास | गुणस्तरिय शिक्षाका लागी पुर्वाधार निर्माण गर्ने | सालबसाली | १६८३० | सुविधा सम्पन्न भवन निर्माण भई शिक्षामा गुणस्तररीता कायम हुने छ। |
| ४२ | आवास, भवन तथा शहरी विकास अन्य कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालबसाली | १०८९०० | आवास, भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुनेछ। |
| | जम्मा | | | १३२००० | |

५जोखिम पक्ष तथा अनुमान १.९.

नगरपालिका मा आवाशीय तथा ब्यवसायिक भवनको मापदण्ड तयार भै यसको कार्यान्वयनबाट भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ। शहरीकरणका कारण फोहोरमैलाको विसर्जन अव्यवस्थित हुने र वातावरणीय प्रदुषण वृद्धि हुने जोखिम हुन सक्छ। जनचेतनाको स्तर न्यून रहेको र विगत देखिनै प्रभावकारी कार्यान्वयनमा आउन नसकेको कारण बस्ती विकास तथा भवन निर्माण समबन्धी मापदण्डको कार्यान्वियन चुनौतीपूर्ण देखिन्छ।

## ५.२ सडक, पुल तथा यातायात

५पृष्ठभूमि २.१.

नगरपालिका को आवधिक विकास योजना तयार भई लागू भएको छ। विकासका पूर्वाधार मध्ये यातायात सबै भन्दा महत्वपूर्ण पूर्वाधार मानिन्छ। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र स्थानीय यातायात व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारलाई प्रदान गरेको छ

५ २.२. समस्या तथा चूनौति

कच्ची र मौसमी सडक मात्र रहनु, महत्वपूर्ण पर्यटकीय तथा धार्मिक, साँस्कृतिक स्थलहरूसम्म सडकको पहुँच नहुनु, प्रारम्भिक अध्ययन डिजाएन विना नै सडक खोल्ने प्रवृत्ति बढ्दो, धेरै सडकको शुरूवात भए तापनि अत्यन्तै न्यून कार्य प्रगति हुनु, न्यूनतम मापदण्ड अनुसारको पदयात्रा मार्ग नहुनु, सडक सञ्जालबाट प्रभावित पर्यटकीय पदयात्रा मार्गको वैकल्पिक व्यवस्था नहुनु, अवश्यक्ता अनुसार झोलुङ्गे पुल नहुनु, सडक सञ्जालको अभावमा ग्रामिण भेगमा आर्थिक कृयाकलाप न्यून हुनु आदि प्रमुख समस्या रहेका छन।
निर्माणाधीन सडकहरू सम्पन्न गर्नु, वडा केन्द्रहरू, महत्वपूर्ण टोल बस्तीहरू र पर्यटकीय केन्द्रसम्म सडक पुर्याउनु, वैकल्पिक पदमार्गहरू निर्माण गर्नु, सडक पुल निर्मा गर्नु, भूकम्पबाट क्षति ग्रस्त सम्रचनाहरू पुनर्निर्माण गर्नु, पदमार्गहरू स्तरोन्नति गरी मापदण्ड अनुसार वनाउनु, निर्मित सडकहरूको स्तरोन्नति गर्नु, अध्ययन नगरी जथाभावी सडक खोल्ने प्रवृत्ति रोक्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन।

५सोच २.३.

"वातावरणमैत्री र दिगो सडक पूर्वाधार, गुणस्तरीय सञ्जाल"

५उद्देश्य २.४.

१. नगरपालिका  केन्द्र, वडाकेन्द्र र महत्वपूर्ण स्थानमा सडक यातायातको पहुँच पुर्याउनु।
२. गुणस्तरीय सडक पूर्वाधार निर्माण गर्नु।

५रणनीति २.५.

१. नगरपालिका  केन्द्रबाट सबै वडाकेन्द्र र महत्वपूर्ण स्थानमा सर्वयाम सडक सञ्जालको विस्तार गर्ने।
२. मौजुदा सडकहरूको स्तरोन्नति र नियमित मर्मत सम्भार गरी सर्वयाम सुचारु गर्ने।
३. वैकल्पिक पर्यटन पद मार्ग निर्माण र सञ्चालित पद मार्गहरूको मापदण्ड अनुसार स्तरोन्नति र मर्मत सम्भार गर्ने।

५नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २.६.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ३० | ३५ | ४० | ६० | ७५ |
| सडक घनत्व (किमि, वर्गकिमि) | कि.मि. | ० | ० | ० | ० | ० |
| कंक्रिट सडक | कि.मि. | ० | ० | ० | ३ | ५ |
| कालोपत्रे सडक | कि.मि. | ० | ० | ३ | ५ | १० |
| ग्राभेल सडक | कि.मि. | ५ | ३० | ५० | ७० | ६० |
| कच्ची सडक | कि.मि. | ८० | ८५ | ९६ | ८० | १४० |
| कुल सडक लम्बाई | कि.मि. | ८५ | ११५ | १५१ | १६३ | २२० |

५विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान २.७.

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १४९१९ | १४९२ | १३४२७ | ० | ९५६० | -२१४९६ | २६८५५ | ० |
| २०८१/८२ | ६५६८५ | ६५६८ | ५९११६ | ० | १०५९८ | २५५४६ | २९५४१ | ० |
| २०८२/८३ | ७२३६४ | ७२३६ | ६५१२८ | ० | १२८२१ | २७०४९ | ३२४९५ | ० |

५कार्यक्रम २.८./आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४३ | झुलुङ्गे पुल निर्माण आयोजना | झुलुङ्गे निर्माण गर्नु | सालबसाली | ६६०० | रास्कोट नगरबासीलाई झुलुङ्गे पुल निर्माण पश्चात आवत गर्न सहजता हुनेछ। |
| ४४ | सडक तथा पुल निर्माण र मर्मतसंभार अन्य साल- बसाली कार्यक्रम | सेवा तथा सुविधामा पहुच बढाउनु | सालबसाली | ४२९०० | वार्षिक थप सडक निर्माण तथा स्तरोन्नति भएको हुनेछ। |
| | जम्मा | | | ४९५०० | |

५जोखिम पक्ष तथा अनुमान २.९.

तीन तहको सरकारबीच नीति, कार्यक्रमको अन्तरसम्बन्ध, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुन सक्नेछ। नगरपालिका ले विस्तृत आयोजना प्रस्ताव तयार भएका, क्रमागत, वहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम कार्यान्वयन गरेको हुनेछ। सडक पुर्वाधार विशिष्ट आयोजना हुने भएकोले दक्ष प्राविधिकबाट विस्तृत संभाव्यता तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

५पृष्ठभूमि ३.१.

आम नागरिकको जिवनलाई सरल र सहज वनाउन र आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा ऊर्जाको महत्वपूर्ण स्थान छ। संविधानले साना जल विद्युत र वैकल्पिक ऊर्जा स्थानीय सरकारको अधिकार सूचीमा राखेको छ। यस नगरपालिका हालसम्म केन्द्रीय विद्युत प्रसारणमा जोडिएको छैन। नगरपालिकामा स्थानीय माइक्रो हाइड्रो उत्पादनबाट ३०.५ र सोलारबाट १०.५३ गरी कुल ७५.५ प्रतिशत घर धूरीमा विद्युत सुविधा पुगेको छ। वडा नं ८ र ९ मा सोलारबाट विद्युत वितरण भएको छ। यस नगरपालिकामा करिव ७० प्रतिशत २० प्रतिशत सुधारीएको चुलो जनताले इन्धनको रुपमा दाउरा र १० प्रतिशतले एल.पी. ग्यास प्रयोग गरेको देखिन्छ। घरधुरी तहमा विद्युतीय उपकरण लगायत दैनिक जीवन यापनमा विद्युत तथा स्वस्थ उर्जाको प्रयोगलाई बृद्धि गर्नुपर्ने देखिन्छ।

५समस्या तथा चूनौति ३.२.

राष्ट्रिय प्रसारण लाइन बिस्तार भएको तर नियमित लाइन पंसारणमा समस्या, विद्युतको प्रयोग प्रकाशको प्रयोजनको लागि मात्र रहेको, वटा खोला तथा पर्याप्त पानीको श्रोत भएर पनि यसको उपयोग हुन नसकेको, जल विद्युतमा अपेक्षित रूपमा वाह्य लगानी आकर्षित हुन नसक्नु, इन्धनको श्रोतको रुपमा दाउराको प्रयोगले गर्दा वनमा अत्याधिक चाप परेको आदि प्रमुख समस्या हुन।

राष्ट्रिय प्रसारण लाइनमा आवद्ध गर्नु, स्थानीय उत्पादित ससाना विद्युत प्रणालीलाई राष्ट्रिय प्रणालीमा जोड्नु, इन्धनका रुपमा विद्युतको प्रयोग बढाउनु, भूकम्पबाट क्षति ग्रस्त विद्युत सम्रचनाको पुर्नस्थापना गर्नु, विद्युत क्षेत्रमा लगानी बढाउनु आदि प्रमुख चुनौती हुन।

५सोच ३.३.

“भरपर्दो र स्वस्थ उर्जाको उपलब्धता र ब्यवसायिक उपयोग”

५उद्देश्य ३.४.

१. सबै घर धुरीमा भरपर्दो विद्युत सुविधा पुर्‍याई आय र रोजगारीमा आवद्ध गर्ने।
२. विद्युत तथा वैकल्पिक उर्जा वितरण प्रणाली सुदृढीकरण गर्दै विद्युत् खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्नु।

५रणनीति ३.५.

१. विद्युत उत्पादन क्षमता र उपयोग वढाउने।
२. क्षतिग्रस्त संरचनाको पूनर्स्थापना गर्ने।
३. विद्युत उपयोग सम्बन्धी नियमित जनचेतना अभिवृद्धि गर्ने।
४. विद्युत खपत तथा ब्यवस्थापन तथा सुहलियत सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने।
५. हरित र स्वच्छ ऊर्जा (विद्युत्) खपत बढाउने र खनिज इन्धनमाथिको निर्भरता कम गर्ने।

५मकालीन लक्ष्यनतिजा सूचक तथा मध्य ३.६.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ८० | ९० | ९५ | ९७ | ९९ |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९० | ८८ | ८० | ७५ | ७० |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ४० | ३५ | ३० | ३५ | २० |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २ | ५ | १० | २० | २५ |
| विद्युत्बाट चल्ने सवारीसाधन | प्रतिशत | ० | ० | ० | ०.५ | १ |

५ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २४७० | २४७ | २२२३ | ० | ० | २४७० | ० | ० |
| २०८१/८२ | १४८२ | १४८ | १३३४ | ० | ० | १४८२ | ० | ० |
| २०८२/८३ | १६३३ | १६३ | १४७० | ० | ० | १६३३ | ० | ० |

५कार्यक्रम ३.८./आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम | कार्वन उत्सर्जन न्यूनिकरण गर्नु । | सालबसाली | ३९६० | कार्वन उत्सर्जन बार्षिक १० प्रतिशतले कम हुने । |
| २ | जलस्रोत बिद्युत तथा बैकल्पिक उर्जा कार्यक्रम | जलस्रोत बिद्युत तथा बैकल्पिक उर्जा कार्यक्रम गर्नु | सालवसाली | ४२९० | ३० जना युवाहरु लाई स्वरोजगार तथा आत्मनिर्भर बनाउने । |
| | जम्मा | | | ८२५० | |

६जोखिम पक्ष तथा अनूमान ३.९.

विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगबाट उद्यम, ब्यवसाय सहज वृद्धि गर्न सकिने। विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ।

## ५.४ सूचना तथा सञ्चार

५पृष्ठभूमि ४.१.

रास्कोट नगरपालिकाले नीति कार्यक्रममा स्मार्ट र समुन्नत पालिकाका रूपमा विकास गर्ने लक्ष्य लिएको छ। नगरपालिका तथा अन्तर्गतका सवै कार्यालयमा आधुनिक सूचना तथा सञ्चार सुविधामा पहुँच रहेको छ। इन्टरनेट सुविधाको सन्दर्भमा नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाको सहज पहुँच रहेको छ। नगरपालिका बासीहरुमा इन्टरनेटको उपयोग विस्तार भइ सकेको छ। यस नगरपालिकामा ल्याण्ड लाइन टेलिफोन सेवा पहुँच पुगेको छैन। ९०प्रतिशत मोबाइल सेवा, करिव ६ प्रतिशत टेलिभिजन, ३ प्रतिशत रेडियो, १ प्रतिशतले कम्प्युटर र ०.२ प्रतिशतले इन्टरनेट सेवाको प्रयोग गरेको देखिन्छ। नगरपालिकाले आफ्नो आधिकारिक वेभसाइट तथा फेसवुक पेजबाट नियमित रुपमा सुचना समाचार सम्प्रेषण गर्दै आएको छ। त्यस्तै सामाजिक सुरक्षा, ब्यक्तिगत घटना दर्ता एवम् लेखा प्रणाली समेत अनलाईन सफ्टवेयरको प्रयोग मार्फत सेवा प्रवाह गर्दै आएको छ। यसबाट सेवा प्रवाहमा छरितो र गुणस्तरीयता कायम गर्न मद्दत पुगेको छ।

५समस्या तथा चूनौती ४.२.

नगरपालिकामा ल्याण्ड लाइन टेलिफोन सेवा नपुगेको, मोवाइल करिव ६६ प्रतिशतमा मात्र रहेको, टावरहरूको समुचित व्ययस्था नरहेको कारणले इन्टरनेट र मोवाइल सेवा समेत भरपर्दो नभएको, स्थानीय पत्रपत्रिका प्रकाशन हुने नगरेको आदि प्रमुख समस्या रहेका छन। सञ्चारका सबै प्रविधि सँगको व्यवस्थित पहुँच स्थापित गर्नु, टेलिफोन टावरहरू विस्तार गर्नु, इन्टरने र वाइफाईको प्रयोगमा वृद्धि गराउनु, आदि प्रमुख चुनौती रहेका छन्।
जनचेतनाको कमीले गर्दा सेवाग्राहीले सेवा लिँदा झमेला ब्यहोर्न सक्ने जोखिम रहन सक्छ। सूचना तथा सञ्चार माध्यम खर्चिलो भएको र दक्ष मानविय श्रोत आवश्यक पर्ने भएकोले विश्वसनीय र जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रवाहका लागि निरन्तर अद्यावधिक गर्नुपर्ने चुनौति रहेका छन्।

५४सोच ३.

"प्रविधिमा आधारित विद्युतीय सुशासन"

५उद्देश्य ४.४.

१ .नगरपालिकाको सुचना तथा सञ्चार प्रणालीलाई दिगो र सवल बनाउनु।
२सूचना प्रविधि सहितको सेवा प्रणालीलाई सेवाग्राही मैत्री बनाई सुरक्षित ., भरपर्दो र आकर्षक क्षेत्रका रूपमा विकास गर्नु।

५रणनीति ४.५.

१ .नगरपालिकाको शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्यमा सूचना तथा सञ्चार प्रविधिको उच्चतम प्रयोग गर्ने,
२ .नगरपालिकाको सूचना सार्वजनिकीकरण, आर्थिक गतिविधि र बोलपत्र आव्हानमा आधुनिक सञ्चार प्रविधि प्रयोगमा जोड दिने,
३प्रविधिमा आधारित उद्यम व्यवसायको प्रवद्र्धन गरी युवा लक्षित सूचना . गुणस्तरीय रोजगारीको वृद्धि गर्ने।

५नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ४.६.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | २ | ५ | १० | २० | ३५ |
| नगरपालिका मा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ६ | ८ | १० | १२ | १५ |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ८५ | ८५ | ९० | ९२ | ९५ |

५स्रोतको त्रिवर्षीय अनुमान विषय क्षेत्रगत खर्च तथा ४.७.

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | २४७० | ९८८ | १४८२ | ० | ० | २४७० | ० | ० |
| २०८१/८२ | ५११ | २०४ | ३०७ | ० | ० | ५११ | ० | ० |
| २०८२/८३ | ५६३ | २२५ | ३३८ | ० | ० | ५६३ | ० | ० |

५कार्यक्रम ४.८./आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४७ | डिजीटल प्राफाई निर्माण तथा सूचना तथा सञ्चार प्रविधिमैत्रि स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालबसाली | ८२५० | नगरकार्यपालिका कार्यालय, विषयगत शाखा र ९ वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुनेछ। |
| जम्मा | | | | ८२५० | |

५जोखिम पक्ष तथा पूर्वानूमान ४.९.

सुचना प्रविधिको उपयोगबाट सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सकिनेछ। प्रविधि खर्चिलो र दक्ष मानविय श्रोतको आवश्यक पर्ने भएको तथा साइवर सुरक्षाको दृष्टिकोणले सुचना तथा दस्तावेजहरु असुरक्षित हुने तथा अनधिकृत प्रसारण तथा सम्प्रेषण हुने जोखिम रहन सक्छ।

# परिच्छेद ६ : वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

यस परिच्छेद अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप–क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

## ६.१ वन, हरियाली, भूसंरक्षण तथा नदि नियन्त्रण

६पृष्ठभूमि १.१.

मानव जीवनको वन तथा वातारण सँग अन्योन्याश्रित सम्वन्ध छ। नेपालको संविधानले स्वच्छ वातावरणको हक प्रदान गर्दै विकास र वातावरण वीच सन्तुलन गर्ने गरी कानून वनाउने कुरा उल्लेख गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले वन, जङ्गल, वातावरण, पर्यावरण, जलाधार र जैविक विविधता जस्ता विषयको स्थानीय नीति, कानून, योजना, मापदण्ड वनाई कार्यान्वयन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यस रास्कोट नगरपालिकामा वन जङ्गलले ढाकेको जमिन करिव ३७ प्रतिशत, पानी र हिउँले ढाकेको क्षेत्र करिव ३ प्रतिशत, घाँस तथा झाडी २० प्रतिशत र चट्टान र वाँझो जमिन ३० र कृषि योग्य जमिन करिव १० प्रतिशत रहेको छ। ९ वटा सामुदायिक वन, छन भने पारिवारिक स्तरमा ड्रमको प्रयोग गरी फोहोर घटाउने, पुन प्रयोग गर्ने र प्रशोधन गर्ने नीति लिइएको छ। यो नगरपालिका जैविक विविधताले भरिएको हो। याहाँ विभिन्न प्रकारका जनावर, चराचुरुङ्गी पुतली तथा जीवजन्तुहरू सहित विविध प्रजातिका बोटबिरुवाहरू जस्तै पाँच औंले, यार्सा गुम्वा, जटामसी, चिराइतो, सुगन्धवाल, वन लसुन जस्ता वहुमूल्य जडिवुट्टी देखि सालको जङ्गल समेत रहेको छ। यस नगरपालिकामा इन्धनको रूपमा दाउराको प्रयोग गर्ने घर परिवार ९७ प्रतिशत, एल.पि.ग्यास प्रयोग गर्ने २.५२ प्रतिशत र बाँकी अन्य रहेका छन।

६समस्या तथा चूनौति १.२.

नगरपालिका वासिन्दामा वन हरियाली संरक्षण बारेमा जनचेतनाको कमी, उचित व्यवस्थापनको अभाव, इन्धन आपूर्ति तथा विकास गतिविधि सञ्चालन आदि कारणले वन क्षेत्र विनाश वढ्दै जानु, जलाधार व्यवस्थापन कमजोर हुनु, फोहोर मैलाको उचित व्यवस्थापन नहुँदा वातावरणीय ह्रास वढ्दै जानु, जडिवुट्टी प्रशोधनको व्यवस्था नहुनु, वातावरण संरक्षण वारे जनचेतना नहुनु, जलवायु परिवर्तनको असर बढ्दै जानु आदि यस क्षेत्रका प्रमुख समस्या हुन।
विकास र वातावरण वीच सन्तुलन कायम गर्नु, खाली एवं बाँझो जमिनमा वृक्षरोपण गर्नु, वनमा बढ्दो इन्धन निर्भरता घटाउनु, प्राविधिक अध्ययन विना जथा भावी सडक निर्माण रोक्नु, जलाधार, जैविक विविधता र पानीका मुहानहरूको संरक्षण गर्नु, वन र वातावरण संरक्षणलाई आर्थिक कृयाकलाप सँग आवद्ध गर्नु, वनजन्य पैदावार तथा जडिवुट्टीहरूको उत्पादन र बजार निकासीको तथ्याङ्क नहुनु, वन जडिवुट्टीहरूको अनुसन्धान गरी व्यावसायिक उत्पादन गर्नु, वन तथा वातावरण वारे जनचेतना वढाउनु तथा यस सम्बन्धी काम गर्ने संघ सस्थाहरू वीच समन्वय र सहकार्य गर्नु आदि यस क्षेत्रका चुनौती हुन।

६सोच १.३.

"स्वच्छ तथा दिगो पर्यावरण"

६उद्देश्य १.४.

१. वन तथा वातावरणको संरक्षण संवर्द्धन न एवम् प्राकृतिक श्रोतको दीगो उपयोग गर्नु।
२. नगरपालिका क्षेत्रमा हरियाली प्रवर्द्धन गरी वातावरणीय स्वच्छता कायम गर्नु।

६रणनीति १.५.

१. वन, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण एवम् विकास गर्ने,
२. वातावरण संरक्षण गर्ने।
३. वन जङ्गल, जडिवुट्टी तथा वातावरण विकास एवं संरक्षणलाई आय र रोजगारी सँग आवद्ध गर्ने।

६नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य १.६.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| पार्क तथा उद्यान | संख्या | १० | १० | १० | १२ | १५ |
| संरक्षित तालतलैया पोखरी | संख्या | २ | ३ | ५ | ५ | ६ |
| बृक्षरोपण गरिएको संख्या | संख्या | ४००० | ६००० | ८००० | १०००० | १२००० |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | १८०० | २५०० | ४००० | ४५०० | ६००० |
| निजी तथा ब्यवसायिक वागवानी | घरधुरी | २० | २५ | ३५ | ५० | ८० |

६ १.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १९६६ | ३९३ | १५७३ | ० | ० | ३५४ | १६११ | ० |
| २०८१/८२ | ६१३४ | १२२७ | ४९०७ | ० | ० | ४३६२ | १७७२ | ० |
| २०८२/८३ | ६७५८ | १३५२ | ५४०६ | ० | ० | ४८०८ | १९५० | ० |

६कार्यक्रम १.८./आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | **वन, हरियाली तथा जैविक विविधता** | | | | |
| १ | वन, हरियाली तथा जैविक विविधता संरक्षण तथा प्रवर्द्धन सालबसाली कार्यक्रम | वृक्षा रोपण,हरियाली क्षेत्र विस्तार, जैविक विविधता संरक्षण तथा वनको दिगो व्यवस्थापन गर्नु । | सालबसाली | ६६०० | सामुदायिक वनहरुको दिगो ब्यवस्थापन मार्फत प्राप्त बन पैदावारवाट जिविकोपार्जन तथा रोजगारीमा हुनेछ । |
| | जम्मा | | | ६६०० | |

६जोखिम पक्ष तथा पूर्वानूमान १.९.

सार्वजनिक निजी साझेदारीमा ग्रामीण तथा शहरी क्षेत्रमा खुला स्थानमा बृक्षरोपण तथा निजी तथा ब्यवसायिक वागवानी विस्तार गरी वातावरणमा सुधार तथा आयआर्जन समेत बृद्धि गर्न सकिनेछ। सार्वजनिक स्थलमा गरिएका वृक्षरोपण तथा हरियाली क्षेत्रको प्रभावकारी संरक्षण र प्रवद्र्धन हुन नसके अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

६पृष्ठभूमि २.१.

रास्कोट नगरपालिकावासीले हालसम्म घरबाट निस्कने फोहोरमैला आफनै तरिकाले विर्सजन गर्ने गरेका छन्। बजार क्षेत्र तथा बाहिरका बस्तीमा स्थानीयस्तर मै फोहोरमैला व्यवस्थापनको अभ्यास रहेको छ। सडक वरपरका क्षेत्रमा निस्कने प्लास्टिकजन्य फोहरमैला स्वयम् ब्यवसाय सञ्चालकबाट ब्यवस्थापन गरिएको छ। नगरपालिकाले फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरी यसको नियमन कार्यलाई प्राथमिकता दिनुपर्नेछ।

६ २.२. समस्या तथा चुनौति

नगरपालिकाका लागि ठूलो समस्या भनेको फोहोर उत्पादन हुने घरपरिवारको संख्या बढ्दै जानु र ल्यान्डफिल्ड साइटको दिगो ब्यवस्थापन गर्न नसक्नु हो। यस्तो अवस्थामा दैनिक विसर्जन हुने फोहोरमैलाको स्थानीय समुदायको सकृय सहभागितामा सकेसम्म

स्रोतमै कम गर्ने, पुन उपयोगमा ल्याउने सकिने फोहरमैला उपयोगमा ल्याउने र त्यसो गर्दा पनि बाँकी रहने फोहरमैला मात्र ल्याण्डफिल साइटमा लैजाने नीतिको अवलम्बन गरी दिगो व्यवस्थापन गर्न आवश्यक छ। जनचेतनाको कमी, ल्याण्डफिल साइटका लागि उपयुक्त जग्गा र पूर्वाधार विकास र दिगो सञ्चालनका लागि स्रोतको कमी आदि यस क्षेत्रका मुख्य चुनौतिका रूपमा रहेका छन् । स्रोतमै वर्गीकरण, प्रशोधन र पुनःप्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिएर ल्यान्डफिल्ड साइटको प्रयोग न्यूनीकरण गर्दै लैजाने अवसर भए पनि यो अवसरको उपयोग गर्ने कार्य सहज देखिदैन।

६२.३. सोच

फोहोरको वैज्ञानिक ब्यवस्थापन, रास्कोटको अभियान"

६२.४. लक्ष्य र उद्देश्य

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु।
२. फोहोरको वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन गरी अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु

६रणनीति २.५.

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने।
२. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन सम्बन्धी प्रक्रियाबारे आम नागरिकलाई सहभागि गराउने।
३. फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।
४ . हरित उत्थानशील तथा समावेशी विकास (Green Resilient and Inclusive Development)को अवधारणालाई शुरु गराउन पहल गरिनेछ।

६सोच २.३.

फोहोरको वैज्ञानिक ब्यवस्थापन, रास्कोट को अभियान"

६लक्ष्य र उद्देश्य २.४.

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्नु।
२. फोहोरको वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोरमैला व्यवस्थापन गरी अर्थतन्त्रलाई प्रवर्द्धन गर्नु

६रणनीति २.५.

१. फोहरमैला ब्यवस्थापन सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने।
२. आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला प्रशोधन सम्बन्धी प्रक्रियाबारे आम नागरिकलाई सहभागि गराउने।
३. फोहोरमैला प्रशोधन र पुनःप्रयोगजन्य सामग्री उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

६नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य २.६.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| डम्पींग साइट | संख्या | १ | १ | १ | १ | १ |
| फोहोर संकलन साधन | संख्या | १ | १ | २ | २ | २ |
| आधुनिक सरसफाइ सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ७४ | ७८ | ८४ | ८८ | ९३ |
| स्रोतमाने फोहर वर्गीकरण, व्यवस्थापन गर्ने परिवार | प्रतिशत | ८० | ८० | ८५ | ८८ | ९१ |
| ल्याण्डफिल साइटको क्षेत्रफल | रोपनी | २ | २ | २ | २ | २ |

६ २.७. विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५०४ | १५१ | ३५३ | ० | ८६९ | – ३६५ | ० | ० |
| २०८१/८२ | १७३८ | ५२१ | १२१७ | ० | ९६३ | ७७५ | ० | ० |
| २०८२/८३ | १९१५ | ५७४ | १३४० | ० | १०६८ | ८४६ | ० | ० |

६ २.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ४९ | डम्पीडसाईड निर्माण तथा सन्चालन आयोजना | घरवाट संकलन भएको फोहोर व्यवस्थापनका लागी डम्पीङसाईट सन्चालन गर्ने | २०७९/८०-०८०/८१ | ६६० | फोहोरको उचित ब्यबस्थापन भएको हुने छ। |
| ५० | ढल निकास तथा फोहोरमैला व्यवस्थापन तथा अन्य सालवसाली कार्यक्रम | फोहोरलाई शुन्यमा ल्याएर सफा,स्वच्छ सुन्दर नगर वनाउनु | सालबसाली | ९९० | दैनिक फोहोर मैलाको संकलन तथा ब्यबस्थापन गरी स्वच्छ, सफा नगर हुने छ। |
| जम्मा | | | | १६५० | |

६जोखिम पक्ष तथा पूर्वानुमान २.९.

फोहोरमैला ब्यवस्थापन सम्बन्धी नीतिगत ब्यवस्था भई दक्ष मानव संशाधन परिचालन गरी फोहरमैला ब्यवस्थापन हुन सक्नेछ। फोहरमैला जस्तो दैनिक जीवनमा विगत देखि चल्दै आएको आनीवानी तथा मानवीय ब्यवहार परिवर्तनमा आउने जटिलताका कारण समयमा सरल ढंगले कार्यान्वयन भई हाल्न कठिन हुने जोखिम रहन सक्छ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

६पृष्ठभूमि ३.१.

रास्कोट नगरपालिकाले संवैधानिक व्यवस्था तथा प्रचलित कानून बमोजिम नगरपालिकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरु गर्दै आएको छ। नगरपालिका उच्च प्राकृतिक जोखिम युक्त भूगोलमा रहेको कारण नेपालले वर्षेनी पिछे ठुलो धन जनको क्षति व्यहोरी रहनु परेको तितो यथार्थ हामी सामुछ। यस नगरपालिकामा पनी वर्षेनी वाढी, पहिरो, हावा हुरी

आदिबाट ठुलो धनजनको क्षति हुने गरेको छ। संविधानले विपद् व्यवस्थापनलाई तिनै तहका सरकारको अधिकार सूचीमा राखेको छ। स्थानीय सरकार सञ्चालन ऐनले विपद् व्यवस्थापनको नीति, कानून, मापदण्ड, योजना वनाई कार्यान्वयन अनुगमन र नियमन गर्ने लागायत विपद् व्यवस्थापनका विविध अधिकार दिई स्थानीय तहलाई जिम्मेवार बनाएको छ।
यस नगरपालिकामा बाढी, पहिरो, नदी कटान, हावा हुरी, चट्याङ आदि प्रमुख प्रकोपहरूले धन जनको क्षति पुर्याउने गरेको छ।

६समस्या तथा चूनौति ३.२.

बाडि पहिरो तथा पूनरुस्थापना कार्यमा ढिलाई हुनु, स्थानीय भवन संहिता तर्जुमा नहुनु, प्राविधिक अध्ययन विना जथाभावी विकास सम्रचना निर्माणले विपद् जोखिम र विपद्का घटना वढ्दै जानु, जनचेतनाको कमी हुनु, प्राकृतिक र गैह्र प्राकृतिक प्रकोपमा वृद्धि हुँदै जानु, अन्तर निकाय समन्वय नहुनु आदि प्रमुख समस्या हुन्।
र्निर्माण कार्य सम्पन्न गर्नु, मापदण्ड अनुसार सुरक्षित पूर्वाधार निर्माण गर्नु, भूकम्प प्रतिरोधी भौतिक सम्रचनाहरूको निर्माण गर्नु, भवन संहिता लागु गर्नु, झाडा पखाला लगायत स्वास्थ्यजन्य माहामारी रोक्नु, वाढी पहिरोजन्य प्रकोप व्यवस्थापन गर्नु, विपद् व्यवस्थापनमा संलग्न बिभिन्न संघसस्था वीच समन्वय गर्नु, जोखिम युक्त वसोवास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्नु, प्रकोप वारे जनचेतना विकास गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन।

६सोच ३.३.

"विपद न्युनीकरण र व्यवस्थापनमा सवल र सक्षम रास्कोट"

६उद्देश्य ३.४.

१. प्रभावकारी विपद् व्यवस्थापन गरी विपद्जन्य क्षति न्यूनीकरण गर्नु।
२. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व चेतावनी प्रणाली अवलम्वन गर्नु।
३. नगरपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु ।

६रणनीति ३.५.

१. प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने,
१. विपद् रोकथाम, पूर्वतयारी र दुरत प्रतिकार्य मार्फत् क्षति न्यूनीकरण गर्ने।
३. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापलको सवलीकरण गर्ने र विपदबाट हुने क्षति घटाउने।

६समस्या तथा चूनौति ३.२.

पुनर्निर्माण तथा पूनरुस्थापना कार्यमा ढिलाई हुनु, स्थानीय भवन संहिता तर्जुमा नहुनु, प्राविधिक अध्ययन विना जथाभावी विकास सम्रचना निर्माणले विपद् जोखिम र विपद्का घटना वढ्दै जानु, जनचेतनाको कमी हुनु, प्राकृतिक र गैह्र प्राकृतिक प्रकोपमा वृद्धि हुँदै जानु, अन्तर निकाय समन्वय नहुनु आदि प्रमुख समस्या हुन्।
पुनर्निर्माण कार्य सम्पन्न गर्नु, मापदण्ड अनुसार सुरक्षित पूर्वाधार निर्माण गर्नु, भूकम्प प्रतिरोधी भौतिक सम्रचनाहरूको निर्माण गर्नु, भवन संहिता लागु गर्नु, झाडा पखाला लगायत स्वास्थ्यजन्य माहामारी रोक्नु, वाढी पहिरोजन्य प्रकोप व्यवस्थापन गर्नु, विपद् व्यवस्थापनमा संलग्न बिभिन्न संघसस्था वीच समन्वय गर्नु, जोखिम युक्त वसोवास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा बस्ती स्थानान्तरण गर्नु, प्रकोप वारे जनचेतना विकास गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन।

६सोच ३.३.

"विपद न्युनीकरण र व्यवस्थापनमा सवल र सक्षम रास्कोट "

६.३. उद्देश्य४

१. प्रभावकारी विपद् व्यवस्थापन गरी विपद्जन्य क्षति न्यूनीकरण गर्नु।
२. जोखिम न्यूनीकरणका लागि विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व चेतावनी प्रणाली अवलम्वन गर्नु।
३. नगरपालिका को स्थानीय विपद तथा जलवायु उत्थानशील योजना निर्माण गरी लागु गर्नु ।

६.३. रणनीति५

१. प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने,
१. विपद् रोकथाम, पूर्वतयारी र दुरत प्रतिकार्य मार्फत् क्षति न्यूनीकरण गर्ने।
३. स्थानीय विपद् तथा जलवायु परिवर्तन अनुकूलन योजना तयार गरी विपद् व्यवस्थापलको सवलीकरण गर्ने र विपदबाट हुने क्षति घटाउने।

६ ३.६. नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | ४० | ३६ | २० | १५ | १० |
| तालिम प्राप्त स्थानीय खोज, उद्वार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ९८ | ११२ | १३० | १५० | १७५ |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | ५० | ४७ | ४० | ३० | २० |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ४ | ५ | ७ | ९ | १० |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | ० | २००० | २५०० | ३५०० | ४००० |
| कोभिड १९ विरुद्धको दुई मात्रा खोप प्राप्त गर्ने जनसंख्या | प्रतिशत | ६९ | ९० | ९५ | ९८ | १०० |

६ ३.७. विषय क्षेत्रगत खर्च तथा स्रोतकोत्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | १९६६ | ११७९ | ७८६ | ० | ० | ३५४ | १६११ | ० |
| २०८१/८२ | ३३२३ | १९९४ | १३२९ | ० | ० | १५५० | १७७२ | ० |
| २०८२/८३ | ३६६० | २१९६ | १४६४ | ० | ० | १७११ | १९५० | ० |

६३.८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सुरक्षित खानेपानीका लागी मुहान संरक्षण आयोजना | जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | २३१० | जलवायु अनुकुलनमा टेवा पुगेको हुने छ। |
| २ | विपद ब्यबस्थापन कोष स्थापना,आपतकालिन उद्धारकर्ता निर्माण कार्यक्रम | आपतकालिन उद्धारकर्ता, राहत र पुर्नस्थापना गर्नु | सालबसाली | २६४० | विपद न्युनिकरण पहल भएको हुने छ। |
| ३ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन सालबसाली कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | १६५० | विपदबाट हुने क्षतिमा वार्षिक ३३ प्रतिशत कमी गर्ने। |
| | जम्मा | | | ६६०० | |

### ६ ३.९. जोखिम पक्ष तथा अनुमान

नगरपालिका ले विपद पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने र आवश्यक मानवीय श्रोत परिचालन गरी विपद न्यूनीकरणको लक्ष्य हासिल गर्न सक्ने अनुमान गरिएको छ। मानवीय कारणले हुने विपद बढ्दो अवस्थामा रहेकोले यसको प्रतिकार्य तथा पुनर्लाभमा श्रोत तथा समयको लगानी बढाउनु पर्ने हुन्छ। बाढी र ढुवान लगायत प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद पर्न सक्ने जोखिम रहन्छ।

## परिच्छेद ७ : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ।

### ७.१ नीति, कानून, न्याय तथा सुशासन

७पृष्ठभूमि १.१.

स्थानीय सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जन उत्तरदायी र सहभागितामूलक वनाउंदै नगरपालिका बाट प्राप्त हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच स्थापित गर्न सुशासन जरूरी हुन्छ। संविधानले स्थानीय सेवाको व्यवस्थापन र नागरिकको दैनिक आवश्यकताका सेवा प्रवाह, विकास निर्माणका कार्य जिम्मेवारी स्थानीय तहको अधिकार क्षेत्रमा समावेश गरेको छ।

नगरपालिका ले आफ्नो कार्य व्यवस्थापन गर्न कनून नीति निर्देशिका कार्यविधिहरु निर्माण गरेको छ। यसै गरि नगरपालिका को शाखाहरु र सात वटा वडा कार्यालय सहितको संगठनात्मक संरचना स्वीकृत भई आवश्यक दरवन्दी कायम भएको छ। नगरपालिका ले नगरपालिका कार्यालय र सात वटा वडा कार्यालय मार्फत सेवा सञ्चालन गरी आएको छ। नगरपालिका ले प्रदान गरेको सेवा सन्तुष्टि ३५ प्रतिशत रहेको छ। नगर नगरकार्यपालिकामा जम्मा १५ निर्वाचित प्रतिनिधिहरू र नगर सभामा ३९ निर्वाचित प्रतिनिधि रहनुका साथै नगरकार्यपालिका र सभाका समितिहरू गठन भएका छन।

नगरपालिका मा स्थानीय सञ्चित कोष स्थापना भई सुत्र (SuTRA) मा आधारमा वित्तीय कारोवार सञ्चालन भइरहेको छ। व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण संकलन आदि कार्य विद्युतीय प्रकृयाबाट "एप्स" हरू प्रयोग गरी सम्पादन गरी आएको छ। पालिकामा आर्थिक कारोवारका निमित्त वाणिज्य वैंकको स्थापना भएको छ। नगरपालिका ले सेवाग्राहीको गुनासो सुनुवाइ गर्न उजुरी पेटिका, गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकृत लगाएतका संस्थागत प्रबन्धहरु समेत गरेको छ।

७समस्या तथा चूनौति १.२.

नगरपालिका र वडाको आफ्नै भवन नहुनु, दरवन्दी अनुसार पदपूर्ति नहुनु, कर्मचारीहरूमा स्थायित्वको कमी, वैयक्तिक, संगठनात्मक र सस्थागत क्षमता कमजोर हुनु, कमजोर इन्टरनेट सुविधा, समितिहरू क्रियाशील नहुनु, साविकका गाविसहरूको तथ्यांक अभिलेख प्राप्त नहुनु, नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक एवं सामाजिक परीक्षण नियमित नहुनु, स्थानीय राजपत्र प्रकाशन नहुनु, राजस्व क्षमता कमजोर हुनु, आदि प्रमुख समस्या हुन।

आवश्यकतानुसार कर्मचारीको व्यवस्थित गर्नु, विभिन्न वडा कार्यालयहरू सँग विद्युतीय सञ्जाल कायम गर्नु, आन्तरिक राजस्व वढाउनु, सेवा र विकास कार्यक्रमको गुणस्तर कायम गर्नु, सूचना तथा अभिलेखहरूलाई विद्युतीय प्रणालीमा आवद्ध गर्नु, योजना अनुशासनको पालना र गुणस्तरीय कार्यसम्पादन गर्नु आदि प्रमुख चुनौती रहेका छन्।

७सोच १.३.

"मितव्ययी, पारदर्शी, प्रभावकारी सेवा, परिणाम उन्मुख नतिजा"

७उद्देश्य १.४.

१. स्थानीय सेवा सुविधामा नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्दै सुशासन कायम गर्नु।
२. सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, पारदर्शी र न्यायोचित बनाउनु।

७रणनीति १.५.

१. विकास कार्य र सेवा प्रवाहलाई प्रभावकारी वनाउने,
२. विधि र प्रक्रियाको अवलम्वन गर्दै असल शासन कायम गर्ने,
३. प्रभावकारी वित्तीय व्यवस्थापन गर्ने।
४. न्यायमा नागरिकको पहुँचका लागि चुस्त र स्तरीय न्यायिक सम्पादन गर्ने।

७नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य १.६.

| सूचक | एकाइ | ०७८/७९ सम्मको वास्तविक उपलब्धि | ०७९/८० सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ० | ० | ५० | ६० | ७५ |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | २७ | ३० | ३७ | ४६ | ५६ |
| १. नीति | विषय | ६ | ६ | ८ | १० | १२ |
| २. ऐन | विषय | ३ | ३ | ४ | ५ | ७ |
| ३. नियम तथा विनियम | विषय | २ | ३ | ५ | ७ | १० |
| ४. निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | १६ | १८ | २० | २४ | २७ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ३ | ३ | ४ | ५ | ५ |

७विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान १.७.

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ५०४ | ५०४ | ० | ० | ० | ५०४ | ० | ० |
| २०८१/८२ | ८६९ | ८६९ | ० | ० | ० | ८६९ | ० | ० |
| २०८२/८३ | ९५७ | ९५७ | ० | ० | ० | ९५७ | ० | ० |

७कार्यक्रम १.८./आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत ( रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति कानुन शुसाशन तथा न्याय प्रवर्धन कार्यक्रम | प्रशासन, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु | सालबसाली | १६५० | नीति, कानून तथा कार्यविधि परिपालनामा ६० प्रतिशतले वृद्धि हुनेछ। |
| जम्मा | | | | १६५० | |

७पक्ष तथा पूर्वानूमान जोखिम १.९.

न्यायिक समिति तथा मेलमिलाप केन्द्रको माध्यमबाट साना विवादहरु सजिलै छोटो समयमा कम खर्चिलो तरिकाबाट समाधान भएको हुने छ। विवादको वैकल्पिक समाधानको उपाएलाई नागरिकले रोजेर सेवा छरितो रुपमा प्राप्त गर्नेछन्। न्यायिक समितिको कार्यबोझ र विवादको जटिलताको कारण समयमा मेलमिलाप वा निरुपणबाट विवाद समाधान नहुने जोखिम रहन सक्छ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

७पृष्ठभूमि २.१.

हाल नगरपालिकाको मुख्य प्रशासनिक कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेको छ। जुन सरसफाई तथा सवारी पार्कीङ्ग, सुरक्षा र समावेशीकरणको दृष्टिकोणले उपयुक्त र सुरक्षित देखिन्छ। यसका अतिरिक्त नगरपालिकाका 9 वटै वडा कार्यालयहरू आफ्नै भवनबाट कार्यालय सञ्चालन र सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भइरहेको छ।

नगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरी वडामा समेत प्रयोगमा ल्याइएको छ। हाल नगरपालिकामा विषय क्षेत्रगतसमेत १०५ जना कर्मचारी कार्यरत रहेका छन्। सेवा प्रबाहका लागि आवश्यक आधाभूत नीति, कानून, कार्यविधिहरु स्वीकृत भएका छन् भने सेवा प्रबाहमा सहजीकरणका लागि सूचना प्रविधिमा आधारित पद्धति उपयोगमा ल्याइएको छ।

७समस्या तथा चूनौति २.२.

